
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय ‘क’ वर्ग

eprateekdaily.com

Kirloskar Oil Engines


अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ जेठ १६ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 30 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७१

## डिभिजन वन कार्यालयमा भएको भ्रष्टाचारको छानबीन शुरू

प्रस, वीरगंज, १५ जेठ/

मधेस प्रदेश सरकार अन्तर्गत रहेको कर्मचारीहरूले कामै नगरी नक्कली बिल भर्पाई बनाई भुक्तानी लिएको उजूरीको ठाउँमा बोटबिरुवा नरहे पनि नक्कली हेरालु खडा गरी भुक्तानी लिएको समेत



सबैयामा पोखरी बनाइएको भनिएको स्थान तर पोखरी छैन ।



नष्ट भएको बिरुवा र झबराहाको मन्दिर नजीक बोरामा बालुवा कोचेर बनाइएको तटबन्ध

डिभिजन वन कार्यालय, पर्सामा भएको भ्रष्टाचारको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयले छानबीन शुरू गरेको छ ।

उजूरीको आधारमा सम्बन्धित विषयको आवश्यक कागजातसहित प्रतिवेदन बुझाइदिने भनी पत्र डिभिजन वन कार्यालयमा पुगेपछि घटना बाहिरिएको हो । यस विषयमा निमित्त कार्यालय प्रमुख फरमान मियाँसँग बुझ्दा अख्तियारले पठाएको पत्रको जवाफ पठाइसकेको र चित्त नबुझेमा स्थलगत अनुगमन गर्न सकिने उनको भनाइ थियो ।

समाचार स्रोतका अनुसार प्रदेश सरकारले आव २०७५-०७६, २०७६-०७७, २०७७-०७८ मा वृक्षारोपण, पोखरी उत्खनन, अतिक्रमण हटाउने उद्देश्यले बर्सेनि पठाएको करोडौं रुपियाँ आधारमा अख्तियारले छानबीन गरेको छ । स्रोतका अनुसार बडनियार तथा स्कूलको छेउमा जीवजन्तुलाई पानी खानको लागि खनिएको पोखरी उचित ठाउँमा नरहेको, त्यहाँ पशुपक्षी पनि नआउने गरेकोले उपयोगहीन अवस्थामा छ । मनवा जङ्गलभित्र तटबन्धको नाममा रु २५ लाख, कोइलाभार सिमसार क्षेत्रको नाममा रु २५ लाख, सबैया साझेदारी वन क्षेत्रमा रु ५० लाखको दुईवटा पोखरी, वसन्तपुर सबडिभिजन अन्तर्गत सुकीभार नदी क्षेत्रमा वृक्षारोपण, अतिक्रमण र पोखरी उत्खनन, हरैया रेन्जपोस्टको उत्तरपट्टि वृक्षारोपण, छतिवन टाँडी, मनवा आदि क्षेत्रमा वृक्षारोपण, अतिक्रमणको बहानामा लाखौंको भुक्तानी गरेको विषयमा उजूरी परेको बताइएको छ ।

त्यसैगरी वृक्षारोपण गरेको भनिएको तथ्य खुलेको छ । बीउ उत्पादन गरेको नक्कली तथ्याङ्क देखाई लाखौंको बिरुवा उत्पादन गरेको र सोमा लाखौं खर्च देखाएर रकम ब्वाम पारेको उजूरीमा उल्लेख छ । फलफूल, बिरुवा उत्पादन, त्यसको वितरण र वृक्षारोपण कहाँ भएको र अहिलेसम्म फेला नपरेको तर सोबापत रकम हिनामिना भएको उजूरीमा उल्लेख छ । स्थलगत निरीक्षण गर्दा उचित ठाउँमा पोखरी नभएको, पोखरी खनिएको ठाउँ नजीकै खोला र टर्सर समेत रहेको छ । नियमानुसार सो ठाउँमा पोखरी खन्न मिल्दैन । जङ्गल अतिक्रमण रोक्ने प्रयास नभएको, विभिन्न बहाना बनाएर जनतालाई उस्काई कर्मचारीविरुद्ध होहल्ला गर्न लगाउने र उचित काम गर्न नदिने तर सोबापत रकम खर्च भएको स्रोतले दाबी गरेको छ ।

## बजेट भाषणको पूर्वसन्ध्यामा

# ८ सय नयाँ गाडी भित्रियो, १७ सय होल्ड

प्रस, परवानीपुर, १५ जेठ/

जेठ १५ गते बजेट भाषण हुनुभन्दा जाँचपास भएर नेपालको विभिन्न ठाउँमा गएको छ । रक्सौलको पन्टोका र हरैयास्थित विभिन्न भाडाको गोदाममा गाडी होल्ड गरेर राख्ने



आइसिपीमा थुप्रिएका सवारी साधन । तस्वीर: प्रतीक

पहिले वीरगंज भन्सार मातहत एकीकृत जाँच चौकी (आइसिपी) नाकाबाट ८ सय ४० वटा नयाँ सवारीसाधन जाँचपास भएर भित्रिएको छ ।

बजेट भाषणपछि राजस्व बढ्ने डरले नेपालका आयातकर्ताहरू वर्षको १० महीनादेखि होल्ड गरिराखेका सवारी साधनहरू धमाधम छुटाएर लगिरहेका छन् । गत चैत २४ गतेदेखि जेठ १४ गतेसम्म करीब ८४० वटा गाडी भित्रिएको आइसिपी सञ्चालन गर्ने नेपाल इन्टरमोडेल यातायात विकास समिति आइसिपी शाखाले बताएको छ ।

शाखाका अधिकृत तर्कराज जोशीका अनुसार पछिल्लो डेढ महीनामा ५७६ वटा नयाँ जीप, कार, भ्यान, ३२ वटा एम्बुलेन्स, ५५ वटा बस र १७६ वटा अन्य सवारी साधन गरी कुल ८४० वटा गाडी वीरगंजको आइसिपी नाकाबाट

त्यसैगरी उनले दिएको जानकारी अनुसार पछिल्लो डेढ महीनामा करीब १ हजार ९५१ सवारी साधन भारतबाट वीरगंजको आइसिपी भन्सारमा आएको छ । जसमध्ये नयाँ जीप, कार, भ्यान ९१६ वटा, ३२ वटा एम्बुलेन्स, बस ४३ वटा र अन्य ९६० वटा सवारी साधन गरी १ हजार ९५१ वटा सवारी साधन आइसिपीमा आएको उनले बताए । नेपालमा बजेट भाषणको डर तथा भारतको बजेट भाषणले गर्दा सवारी साधन निर्यातमा भन्सार महसूल बढ्न सक्ने आशङ्काका कारण सीमापारी नेपाली आयातकर्ताको भाडाको गोदाममा थन्काएर राखिएका गाडीहरू ठूलो सङ्ख्यामा नेपाल भित्रिएको भन्सार अधिकारीहरूको भनाइ छ ।

“नेपाली आयातकर्ताहरू भारत र विदेशबाट सवारी साधन मगाएर गरेका छन्”–वीरगंज भन्सारका एकजना अधिकारीले भने– “नेपाली ग्राहकले बूक गरेपछि रक्सौलबाट गाडी ल्याएर वीरगंज भन्सारमा जाँचपास गरी लैजाने गरेका थिए, तर भारतबाट निकासी हुने सवारी साधनमा जिएसटी बढाउने हल्ला भएपछि सबैले रक्सौल छेउछाउ होल्ड गरेर राखेका गाडीहरू धमाधम नेपाल भित्र्याइरहेका छन् । त्यसैकारण गाडी आउने क्रम पछिल्लो डेढ महीनामा बढेको हो ।”

अहिलेको तथ्याङ्क अनुसार कार, जीप, भ्यान, बस, ट्रक, ट्याक्टर तथा अन्य सवारी साधन गरी ११४६ र मालवस्तु बोकेर आएको ६१६ सवारीसाधन गरी १७६२ वटा गाडीहरू आइसिपीमा पार्किङ गरी राखिएको नेपाल इन्टरमोडेल यातायात विकास समितिले जनाएको छ ।

## नगरको विकासका लागि वीउवा सङ्घ तथा महानगरपालिकाबीच छलफल

प्रस, वीरगंज, १५ जेठ/

वीरगंज उद्योग वाणिज्य सङ्घले महानगरपालिकाका नवनिर्वाचित नगर प्रमुख राजेशमान सिंहलाई महानगरपालिकाको कार्यालयमा भेटघाट तथा छलफल गरेको छ ।

सङ्घका अध्यक्ष डा सुबोधकुमार गुप्ताको नेतृत्वमा गएको टोलीले नगरप्रमुख सिंहलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए ।

भेटघाटको क्रममा वीरगंज उद्योग वाणिज्य सङ्घ तथा महानगरपालिकाले आगामी दिनमा के कस्ता क्षेत्रमा सहकार्य गर्न सकिन्छ भन्नेबारे नगरप्रमुखको ध्यानाकर्षण गराइएको



थियो । महानगरलाई सफा र सुन्दर बनाउनुका साथै महानगरपालिकाले सङ्कलन गर्दै आएको विभिन्न करलाई समय अनुसार परिमार्जन गर्न, वीरगंजमा एउटा ट्रान्सपोर्ट नगर निर्माण, महानगर क्षेत्रमा रहेका उद्योगहरूका लागि आवश्यक ट्रेडफेयर मैदान निर्माणमा सङ्घ र महानगरले सहकार्य गर्न सक्नेतर्फ नगरप्रमुखलाई अवगत गराएका थिए ।

वीरगंज महानगरपालिका तथा नगरवासीका साथै उद्योगी व्यवसायीहरू बीच रहेको मतभिन्नतालाई छलफल गरी सही दिशा दिनेतर्फ आफू तत्पर रहेको नगरप्रमुख सिंहले बताए । महानगरको विभिन्न करमा देखिएका

(बाँकी अन्तिम पातामा)

## नयाँ मेयरसँग वीरगंजका व्यवसायीको अटो भिलेजको माग

प्रस, परवानीपुर, १५ जेठ/

वीरगंजका अटो व्यवसायीहरूले अटो भिलेजको माग गरेका छन् । भर्खरै सम्पन्न स्थानीय निर्वाचनबाट विजयी भएका वीरगंजका नगरप्रमुख राजेशमान सिंहसँग वीरगंज अटोमोबाइल्स सङ्घ, पर्साले यस्तो माग गरेको हो ।

सङ्घका वरिष्ठ सल्लाहकार अशोक रौनियारले वीरगंजलाई सफा, स्वच्छ र व्यवस्थित शहरको रूपमा विकास गर्नको लागि अटोभिलेज आवश्यक रहेको बताए । उनले वीरगंजको कुनै निश्चित ठाउँलाई अटोभिलेजको रूपमा विकास गरी वीरगंजको भन्सार क्षेत्र, बाइपास, बसपार्क क्षेत्र, पुरानो बसपार्क क्षेत्र, आदर्शनगर, ट्रान्सपोर्ट क्षेत्रलाई समेत उक्त अटो भिलेजमा स्थानान्तरण गरी शहरलाई व्यवस्थित बनाउन सकिने माग गरेका हुन् ।

अहिले बुटवलमा सञ्चालनमा आएको अटो भिलेजले बुटवल आसपासको ठाउँलाई सुन्दर र रमणीय बनाएको तथा फोहरमैला पनि व्यवस्थापन गर्दै पर्यटक तान्न सफल भइरहेको परिप्रेक्ष्यमा वीरगंज महानगरपालिकाले आगामी बजेटमा अटो भिलेजको अवधारणा अध्ययन गरी काम अगाडि बढाउनुपर्ने उनको सुझाव छ ।

नेपालका दाङ, तुलसीपुर, घोराही, बिर्तामोड, सुनवल, बर्दघाटलगायत ठाउँमा अटो भिलेज सञ्चालनमा छ । अटोभिलेज भन्नाले ४०-५० बिघा क्षेत्रफलको एउटा गाउँ हो । जसमा ग्यारेज, स्पेयर पार्ट्सको पसल, लेथ, कारखाना, बडीबिल्डर्स कारखाना, पेन्ट गर्ने कारखाना र ट्रान्सपोर्टको सामान ओसारपासर गर्ने थलोको रूपमा विकसित गरिन्छ । वीरगंजमा अटो भिलेज स्थापना भएसँगै जथाभावी मरम्मत-सम्भारको लागि पार्किङ गर्ने गाडीहरूको चापमा कमी आउँछ र शहरलाई व्यवस्थित बनाउन सकिन्छ ।

त्यसैगरी जथाभावी तेल, मोबिल, ग्रीज, कालोकपडा सडकमा खस्दैन ।

लिंकरोड र मुर्ली क्षेत्रमा सञ्चालनमा रहेका स्पेयर पार्ट्स पसलहरूलाई अटो भिलेजमा स्थानान्तरण हुँदा सो क्षेत्रमा अन्य दैनिक उपभोग्यका सामान बिक्री गर्ने पसल सञ्चालन गर्न सकिन्छ । आदर्शनगर क्षेत्रबाट क्यारियर र ट्रान्सपोर्टको कारोबार अटो भिलेजमा सर्दा उक्त क्षेत्रमा पनि ट्राफिक आवागमन व्यवस्थित हुन्छ ।

साथै अटो भिलेजमा एकै थलोमा सवारी साधनको मरम्मत, रङरोगन,



वीरगंज अटोमोबाइल्स सङ्घ, पर्साका अध्यक्ष अशोक रौनियार । तस्वीर: प्रतीक

बडी निर्माण र स्पेयर पार्ट्स खरीद गर्न सजिलो हुने व्यवसायीहरूको भनाइ छ ।

नवनिर्वाचित मेयरसँग यस विषयमा चाँडै सङ्घका पदाधिकारीहरूले ज्ञापन बुझाएर औपचारिक माग गर्ने तयारी रहेको पनि वीरगंज अटोमोबाइल्स सङ्घ, पर्साका वरिष्ठ सल्लाहकार रौनियारले बताएका छन् ।

## विचारसार र सूक्तिहरू

खुशी हुन धेरै सरल छ, तर सरल हुन साह्रै गाह्रो ।
–रवीन्द्रनाथ टैगोर


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## निजगढ विमानस्थल

**राष्ट्रिय गौरवको आयोजना, निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सबै प्रक्रिया बदर गर्दै सर्वोच्च अदालतले विकल्प खोज्न आदेश दिएपछि उक्त आदेशको पक्ष र विपक्षमा बहस शुरू भएको छ । कतिपय दलहरूले सर्वोच्चको फैसलालाई त्रुटिपूर्ण र विकास विरोधी भन्दै पुनर्विचार गर्नुपर्ने माग गरेका छन् भने वातावरण पक्षधरहरूले वन र वातावरण जोगाउन मदत पुगेको टिप्पणी गरेका छन्। अन्तर्राष्ट्रिय विमानस्थल बनाउने काम रोक्न माग गर्दै दुई वर्ष अघि सर्वोच्चमा दुईवटा रिट परेको थियो । उक्त रिटमा सर्वोच्चको बृहत् पूर्ण इजलासले बिहीवार फैसला गर्दै विमानस्थल निर्माणका सबै प्रक्रिया बदर गरेको हो । विमानस्थल बनाउने भए अन्तै विकल्प खोज्न सरकारको नाममा सर्वोच्चले परमादेश जारी गरेको छ। हुनत सर्वोच्चले गरेको फैसलाको सङ्क्षिप्त आदेश अहिलेसम्म सार्वजनिक भएको छैन। अदालतको आदेशसँगै अब निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने बाटो बन्द भएको छ। यसलाई राजनीतिक तहमा भने कार्यकारीको क्षेत्राधिकारमाथिको अतिक्रमणको रूपमा टिप्पणी शुरू भएको छ ।**

**पूर्वाधार निर्माण गर्दा विकास वा वातावरण कसलाई प्राथमिकता दिने ? विश्वव्यापी बहस चल्दै आए पनि एकरूपता छैन । यसर्थ पनि यस किसिमको मुद्दामा अदालतले दिने फैसला विवादमुक्त हुन सक्दैन । फेरि पनि आयोजनाको पृष्ठभूमि, प्रभाव, क्षति न्यूनीकरणको सम्भावना, विकल्प तथा राष्ट्रिय महत्त्व र नागरिकको भावनालाई समेत मध्यनजर गरेर हुने फैसलाहरूमा विवाद कम हुने गरेका छन् । यस सन्दर्भमा निजगढ विमानस्थलको मुद्दा संवेदनशील छ। निजगढ विमानस्थल छनोट प्रक्रिया शुरू भएको आज २७ वर्ष पूरा भइसक्यो । छनोटपछि निर्माण प्रक्रिया थालनी भएकै ८ वर्ष पुग्यो । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि हालसम्म तीन अर्ब रुपियाँभन्दा बढी राष्ट्रिय ढुकुटी खर्च भइसकेको छ। जग्गा अधिग्रहण र मुआब्जा, खोलामा बाँध निर्माण, रूख कटान, चार किल्ला निर्माणलगायत विभिन्न शीर्षकमा साढे ४ अर्ब रुपियाँ खर्च भएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। अधिवक्ता प्रकाशमणि शर्मा र रन्जुहजुर पाँडेले निजगढ अन्तराष्ट्रिय विमानस्थल विरुद्ध दायर गरेको रिटमा रूख कटान तथा वातावरणको मुद्दालाई मुख्यरूपमा उठाइएको छ ।**

**विमानस्थल निर्माणका लागि स्थान छनोटको क्रममा विज्ञ टोलीले वातावरणको विषयलाई गहनताका साथ अध्ययन गरेकै हो। देशका विभिन्न आठ स्थान विराटनगर, जनकपुर, निजगढ, भरतपुर, भैरहवा, नेपालगंज, सुर्खेत र धनगढीलाई सम्भावित स्थानका रूपमा स्थलगत प्राविधिक अध्ययन गरिएको थियो। सो अध्ययनबाट निजगढलाई उपयुक्त स्थान भनी सिफारिश गरिएको हो। त्रिभुवन विमानस्थलको क्षमता अभाव भएको कारणले यसको विकल्पमा निजगढ विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाइएको हो। निजगढ विमानस्थल निर्माण आयोजना कसैको लहड नभएर देशको आवश्यकता हो । सर्वोच्चको फैसलाले विमानस्थल निर्माण प्रक्रियाको तीन दशक लामो अवधि र हालसम्मको लगानी भुस भएको छ भने विमानस्थल केन्द्रित निर्माणाधीन द्रुतमार्गको पूर्णतामा प्रश्नचिह्न खडा भएको छ। निर्माणाधीन विमानस्थल सम्पन्न गर्नका लागि सर्वोच्चको फैसला एवं प्रचलित ऐन कानूनको मर्यादाविपरीत नहुनेगरी अडचन फुकाउन मिल्ने कुनै बाटो छ भने सरकार त्यसतर्फ अग्रसर हुन जरूरी छ ।**

# सामुदायिक विद्यालयको आवश्यकता

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**सामुदायिक विद्यालयहरूलाई यदि अनुशासित ढङ्गले सञ्चालन गरियो भने त्यहाँ पढ्ने केटाकेटीहरूलाई एउटा राम्रो वातावरण प्राप्त हुन्छ । सामुदायिक विद्यालयहरूले पनि संस्थागत विद्यालयजस्तै नयाँनयाँ प्रविधिलाई घरको शोभा नबनाई त्यसको उपयोग र प्रयोग गर्नु आवश्यक छ ।**

आज जसरी संस्थागत विद्यालयप्रति अभिभावकहरूको झुकाव बढिरहेको छ र सामुदायिक विद्यालयको महत्त्व दिन प्रतिदिन घट्दै गइरहेको छ, त्यसलाई जोगाउन सरकारले गरेको प्रयास बालुवामा पानी हालेजस्तो भइरहेको छ । सरकारले गरेको तमाम प्रयास, जस्तै छात्रवृत्ति योजना, निश्शुल्क पोशाक र पुस्तक वितरण, दिउँसो खाजाको व्यवस्था, संस्थागत विद्यालय जस्तै अङ्ग्रेजी माध्यमको छुट्टै कक्षा, कम्प्युटर र सिसी टिभी जडान, साइकिल वितरण यावत् सुविधा दिए तापनि त्यहाँ हुने राजनीतिले गर्दा शिक्षाको गुणस्तरमा कुनै सुधार देखा परिरहेको छैन । संस्थागत विद्यालयहरूको चमकदमकले मानिसहरूको आँखालाई सरकारद्वारा दिइने निश्शुल्क सुविधाले समेत आकर्षित गर्न सकेको छैन । हिजोआजका अभिभावक आधुनिक उपकरण र ठूल्ठूला भवन मात्र मन पराउँछन्। त्यहीं सामुदायिक विद्यालयमा राजनीति र त्यहाँ हुने विभिन्न खाले भ्रष्टाचारले गर्दा शिक्षाको स्तर पहिलेभन्दा खस्केको छ, जसले गर्दा वर्तमान समयमा संस्थागत विद्यालयहरूको व्यापारमा वृद्धि भएको छ।

आज अभिभावकहरूको पहिलो रोजाइ संस्थागत विद्यालय भए तापनि उनीहरू के कुरामा ढुक्क हुन सकेका छैनन् भने संस्थागत विद्यालयको यति बढी शुल्क तोकिएको समयमा तिर्न सकिन्छ वा सकिंदैन ? तर सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाहेकको शुल्क जो कोहीले सजिलै तिर्न सक्छ । अर्कोतिर किताब र पोशाक निश्शुल्क वितरण हुने भएकोले गरीब र निमुखा अभिभावकहरूलाई आर्थिकरूपले धेरै सहुलियत हुन्छ। सामुदायिक विद्यालयमा दिइने दिउँसोको खाजामा केटाकेटीहरूको स्वास्थ्यको पनि विशेष ध्यान दिइन्छ र घरमा खाजा खाने हैसियत नहुनेहरूलाई पनि यस प्रकारको सुविधाले धेरै सहयोग पुऱ्याउँछ।

हुनत हाम्रो संविधानमा माध्यमिक तहसम्म शिक्षा निश्शुल्क छ । एउटा मध्यमवर्गीय परिवारलाई सामुदायिक विद्यालय आर्थिकरूपले धेरै सहयोगी सिद्ध हुन्छ । अभिभावकहरूको टाउकोमाथि हरेक महीना हजारौं रुपियाँ शुल्क दिने तनाव पनि हुँदैन। सानोतिनो काम गर्ने मानिसले पनि सजिलै सामुदायिक विद्यालयमा अन्य प्रयोजनको लागि लाग्ने शुल्क तिरेर आफ्नो सन्तानलाई पढाउन सक्छ । संस्थागत विद्यालयजस्तै सामुदायिक विद्यालयहरूले हरेक सानोतिनो कार्यक्रमका लागि अतिरिक्त शुल्क लिंदैनन् तर अङ्ग्रेजी माध्यममा थप कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरूले खुलेआम सरकारी नीतिनियमको बेवास्ता गर्दै विभिन्न निहुँमा शुल्क लिइरहेका छन् । यस विषयप्रति स्थानीय सरकार र स्वयं अभिभावकहरू पनि चनाखो हुनु आवश्यक छ । सामुदायिक विद्यालयका शिक्षकहरूलाई विद्यार्थीहरूसँग सुमधुर सम्बन्ध र तालमेल गरी अध्ययन सम्पन्न गर्न समय–समयमा प्रशिक्षण पनि दिइन्छ । यस प्रकारको सुविधा संस्थागत विद्यालयका शिक्षकहरूलाई हासिल छैन वा सुविधा दिए पनि संस्थागत विद्यालयका शिक्षकहरूले आफ्नो शिक्षकलाई दक्ष बनाउन नचाहेको हुनाले पठाउँदैनन्।

हिजोआज पढ्नको लागि राम्रोभन्दा राम्रो आधुनिक उपकरणको प्रयोग संस्थागत विद्यालयहरूले गरिरहेका छन् जसबाट कुनै पनि कुरा बुझ्न झन् सजिलो भएको छ । वर्तमान पुस्ताले वा भनौं ससाना केटाकेटीहरूले आधुनिक शिक्षण प्रविधिलाई धेरै रुचाएका छन्। यसबाट उनीहरूमा पढाइप्रति रुचि बढेको छ । संस्थागत विद्यालयमा समयानुसार खेलकूद र सांस्कृतिक कार्यक्रमको पनि आयोजना हुने गर्दछ। जसले गर्दा केटाकेटीहरूको मन पढाइसँगै अन्य क्षेत्रमा पनि लागिरहेको हुन्छ । संस्थागत विद्यालयहरूमा विद्यार्थी र शिक्षकबीच एक प्रकारको अनुशासन हुन्छ तर सामुदायिक विद्यालय यस मामिलामा धेरै पछि छन् । आवधिकरूपले अभिभावक र शिक्षकबीच बैठक पनि हुने गर्छ जसबाट विद्यार्थीहरूको कमीकमजोरी र सबल पक्षबारे जानकारी हासिल हुन्छ। बैठक पछि शिक्षक र अभिभावक मिलेर केटाकेटीहरूको कमीकमजोरी सुधार्ने प्रयास गर्छन्।

वर्तमान समयमा अङ्ग्रेजी हरेक क्षेत्रको लागि आवश्यक भएको छ। आज आमाबुवाले अङ्ग्रेजीबेगर आफ्नो सन्तानको भविष्यको कल्पना पनि गर्न सक्दैनन् । संस्थागत विद्यालयमा पढ्ने केटाकेटीहरूको अङ्ग्रेजी सामुदायिक विद्यालयमा पढ्ने केटाकेटीहरूको तुलनामा धेरै राम्रो हुन्छ । यसै कारणले होला भविष्यमा जागीरको कुरो हुँदा संस्थागत विद्यालयका केटाकेटीहरू नै अघि रहन्छन् । यसलाई दृष्टिगत गरी हाम्रो सरकारले सरकारी विद्यालयका केटाकेटीहरूका लागि अङ्ग्रेजी माध्यमबाट बेग्लै कक्षा सञ्चालन गरेको छ। तर यस योजनाले विद्यार्थी–विद्यार्थीबीच विभेद उत्पन्न गरेको छ । एकातिर हामी सामाजिक विभेद अन्त्य गर्ने कुरा पढ्छौं, व्यवहारमा विभेद भइरहेको देख्छौं। विडम्बना त के छ भने यो विभेद सामुदायिक विद्यालयमा देखा परिरहेको छ। यो कति न्यायपूर्ण छ ? यसतर्फ सम्बन्धित निकायले गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ।

अर्कोतिर व्यापक राजनीतिक चलखेलले गर्दा सामुदायिक विद्यालयमा शिक्षकहरू समयमा कहिल्यै उपस्थित हुँदैनन् भने कहिले अनुपस्थित नै रहन्छन्। विद्यालय प्रशासन र शिक्षकहरूबीच ‘तैं चुप मैं चुप’ संस्कृति मौलाएको छ। साथै सामुदायिक विद्यालयका शिक्षकहरूलाई जागीर गुम्ने कुनै भय हुँदैन। यस कारण विद्यालयमा उपस्थित भए पनि कक्षामा नजाने र साथी शिक्षकहरूसँग गफिने प्रवृत्ति हिजोआज बढी देखा परिरहेको छ। तर संस्थागत विद्यालयमा शिक्षकहरूको समय तोकिएको हुन्छ र निश्चित समयमा कक्षामा नपुग्दा जागीर गुम्ने खतरा पनि बनिरहन्छ।

सामुदायिक विद्यालयहरूमा यस्ता सानोतिनो सुधार गरियो भने त्यसले राष्ट्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । सामुदायिक विद्यालयहरूलाई यदि अनुशासित ढङ्गले सञ्चालन गरियो भने त्यहाँ पढ्ने केटाकेटीहरूलाई एउटा राम्रो वातावरण प्राप्त हुन्छ। सामुदायिक विद्यालयहरूले पनि संस्थागत विद्यालयजस्तै नयाँनयाँ प्रविधिलाई घरको शोभा नबनाई त्यसको उपयोग र प्रयोग गर्नु आवश्यक छ । प्रविधिको प्रयोग सामुदायिक विद्यालयमा जति बढ्छ त्यतिकै अभिभावकहरूले बढी पैसा तिरेर संस्थागत विद्यालयमा पढाउनु पर्दैन र केटाकेटीहरू पनि पढाइतिर आकर्षित हुन्छन् । यदि सामुदायिक विद्यालयमा संस्थागत विद्यालयजस्तै सुविधा प्राप्त हुन थाल्छ भने कसले बढी पैसा तिरेर संस्थागत विद्यालयमा पढाउला ! यी सबैको लागि सामुदायिक विद्यालय र स्थानीय तहलाई घच्घचाउन नागरिक समाज र अभिभावकको सक्रिय भूमिका आवश्यक देखिएको छ।

थोरै पैसामा यदि राम्रो पढाइ हासिल हुन्छ भने गरीब घरका केटाकेटीहरू जसलाई पढाइमा रुचि छ र केही ठूलो गर्न खोजिरहेका छन् उनीहरूले सरकारी सुविधाको फाइदा लिएर आफ्नो लक्ष्य सजिलै हासिल गर्न सक्छन् र राष्ट्र विकासमा आफ्नो भूमिका निर्वाह गर्न सक्छन् । त्यहीं अर्कोतिर धेरैजसो अभिभावकहरू जो आफ्नो सन्तानलाई राम्रो शिक्षा दिन खोज्छन्, संस्थागत विद्यालयहरूको बढी शुल्कका कारण सामुदायिक विद्यालयको सहारा लिन्छन् तर सामुदायिक विद्यालयको कमजोर व्यवस्थाका कारण केटाकेटीहरू पढाइमा कमजोर नै रहन्छन् । सामुदायिक विद्यालयहरूको खस्कँदो स्थितिका बावजूद केही केटाकेटीहरूको परिणाम संस्थागत विद्यालयका केटाकेटीहरूभन्दा पनि राम्रो हुन्छ। यदि यस्ता केटाकेटीहरू सामुदायिक विद्यालयमा नै संस्थागत विद्यालयजस्तो सुविधा पाउँछन् भने यस्ता विद्यार्थीहरूले राष्ट्रको शिर ठाडो पार्छन्।

वर्तमान समयमा केही सामुदायिक विद्यालयलाई छोडेर सबै विद्यालयहरूमा सुधारको खाँचो देखिएको छ । कहीं अनुशासनको आवश्यकता छ भने कहीं विषयगत शिक्षकहरूको । कहीं दक्ष शिक्षकहरूको आवश्यकता छ भने कहीं पर्याप्त आधुनिक प्रविधिको। इन्टरनेट, कम्प्युटर, प्रोजेक्टरजस्ता आधुनिक उपकरणको सहयोगले केटाकेटीहरूको शिक्षा अझ गुणस्तरीय बनाउने प्रयासको थालनी गर्नु सामुदायिक विद्यालयमा आवश्यक छ। यो यस कारणले आवश्यक छ किनभने केटाकेटीहरूले भविष्यको लागि चाहिने अङ्ग्रेजी र कम्प्युटरलाई समस्या नबुझ्न्। सङ्घ, प्रदेश र स्थानीय सरकारहरूले पनि समयसमयमा ‘आफ्नो होइन राम्रो दक्ष जनशक्ति’सँग विद्यालयको अनुगमन र शिक्षाको उद्देश्य र पाठ्यक्रमले जसरी केटाकेटीहरूलाई शिक्षित गर्न खोजेको छ त्यसको परिपूर्ति भइरहेको छ कि छैन भन्ने कुराको अनुगमन र त्यहाँ कार्यरत शिक्षकहरूलाई स्थलगत तालीम प्रदान गर्न सकून् र देशले शिक्षामा गरेको लगानी खेर नजाओस्।

शिक्षा सँगसँगै सामुदायिक विद्यालयमा सरसफाइ र केटाकेटीहरूको स्वास्थ्यको पनि ख्याल राख्नुपर्छ । सामुदायिक विद्यालयका केटाकेटीहरूलाई खेलकूद र अन्य प्रतिभा प्राप्त गर्नका लागि पनि प्रोत्साहित गर्नुपर्छ । केटाकेटीहरूमा लुकेको प्रतिभा बाहिर ल्याउन समय–समयमा सांस्कृतिक कार्यक्रम र विभिन्न प्रकारका प्रतियोगिताहरूको पनि आयोजन गर्नुपर्छ। आफ्नो प्रतिभाबाट देशको टाउको ठाडो पार्न यस्ता प्रतिभा भएका विद्यार्थीहरूलाई सरकारी सुविधा उपलब्ध गराएर प्रतिभा तिखार्न सहयोग गर्नुपर्छ। त्यहीं अर्कोतिर विद्यार्थीको अनुपातमा शिक्षकहरूको व्यवस्था मिलाउनुपर्ने सामुदायिक विद्यालयमा खाँचो छ। मूलभूत सुविधा अन्तर्गत पुस्तकालय र शौचालयको पनि पर्याप्त सुविधा सामुदायिक विद्यालयमा उपलब्ध हुनुपर्ने हो। मूलभूत कुरो के हो भने त्यहाँ विद्यार्थी सङ्ख्या बढाउन पढाइको स्तर सुधार्नुपर्छ, विभिन्न प्रकारका भ्रामक सुविधा दिने घोषणा गरी एउटै विद्यालयमा भएका दुई खाले विद्यार्थीबीच विभेद ल्याउनु उचित हुँदैन। आशा छ यस नगरको सामुदायिक विद्यालयहरूमा देखापर्ने कमीकमजोरी सुधार गर्न र संस्थागत विद्यालयलाई व्यवस्थित गर्नेतर्फ नवनिर्वाचित नगरप्रमुखले चासो देखाउने छन्।

# सगरमाथा दिवस मनाइयो

काठमाडौं, १५ जेठ/रासस

आज १५औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस स्वदेश तथा विदेशमा विभिन्न कार्यक्रम गरी मनाइएको छ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पहिलोपटक मानव पाइला टेकिएको ६९ वर्ष पूरा भएको छ। सन् १९५३ मे २९ तारिख आजकै दिन दुई पर्वतारोही तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले पहिलोपटक सगरमाथामाको शिखरमा पुगी विश्वलाई मानवीय साहस र क्षमताको ऐतिहासिक परिचय दिएका थिए । यस घटनाले विश्वभर नै ठूलो चर्चा पायो र नेपालले सगरमाथाको देश भनेर संसारभर ख्याति पायो।

दुई साहसी आरोही शेर्पा र हिलारीले सगरमाथा आरोहण गरेको दिन (मे २९ तारिख) को स्मरणमा सरकारले हरेक वर्ष जेठ १५ लाई सगरमाथा दिवसका रूपमा मनाउने गरेको छ । आरोही हिलारीको सन् २००८ जनवरी ११ मा निधन भएको थियो। नोर्गेको सन् १९८६ मे ९ मा निधन भएको थियो । संयोग नेपालमा गणतन्त्र दिवस र सगरमाथा दिवस एकै दिन परेको छ।

सोही ऐतिहासिक घटनाको स्मरण गर्दै मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसका रूपमा नेपाल र विदेशमा समेत विभिन्न कार्यक्रमका साथ मनाइँदै आएको छ । नेपालमा सन् २००८ मा साहसी आरोही हिलारीको निधन भएको सन्दर्भ पारेर पर्यटन मन्त्रालयले अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउँदै आएको छ।

मूल आयोजक समितिले आयोजना गरेको कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, पर्यटन सचिव महेश्वर न्यौपाने, पर्यटन क्षेत्रका अगुवा व्यक्तित्व, कीर्तिमानी आरोही, पर्यटन व्यवसायीलगायतको सहभागिता थियो।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष सन्तवीर लामाले पर्वतारोहणलाई सुरक्षित र व्यावसायिक बनाउन जोड दिएका थिए।

कीर्तिमानी आरोही कामीरिता शेर्पाले पर्वतारोही शेर्पा पथ प्रदर्शकको समस्यालाई सम्बोधन गर्न सरोकारवाला निकायले ध्यान दिन जोड दिए।

पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले दिवस मनाउनुको औचित्यबारे प्रकाश पार्दै पुरस्कृत आरोहीको विवरण घोषणा गरेका थिए।

कार्यक्रममा रु एक लाख राशिको अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कार प्रख्यात आरोही निर्मल पुर्जालाई प्रदान गरिएको थियो । यस्तै रु ५० हजार राशिको तेन्जिङ हिलारी पुरस्कार पर्वतीय पर्यटनमा उल्लेखनीय योगदान गर्ने र विभिन्न कीर्तिमान कायम गर्ने टासीलाक्पा शेर्पा, मिङमा ग्याल्जेन शेर्पा, खिमलाल गौतम र दाबा शेर्पालाई प्रदान गरिएको थियो । ती सबै पुरस्कार पर्यटनमन्त्री

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# राजेशमान भर्सेज सरावगी

मन्तव्य



कुमार रुपाखेती

**अब जसपा र राजेशमानको जिम्मेवारी बढेको छ, महानगर पालिकामा पूर्व प्रमुखद्वारा गरिएका र रचिएका गलत कामहरूलाई सच्याउँदै महानगरमा चर्चामा रहेको लुटखसोटलाई सफाचट गर्दै, विकास निर्माणमा दत्तचित्त भई सक्रिय हुनु राजेशमानका लागि एक मात्र विकल्प हो ।**

स्थानीय निर्वाचन सकिएको छ । हारजितको लेखाजोखा गरिएको छ । तर वडादेखि नगरसम्म निर्वाचन २०७९ अत्यन्तै खर्चिलो साबित भएको छ । व्यापारी पृष्ठभूमिका पूर्वमेयर विजय सरावगी सूर्य चिह्नबाट उठेपछि केही म्याद गुज्रिएका नेताहरुलाई दशैं नै आको थियो । मेरो वडा नं. ५ कुम्हालटोलमा सरावगीलाई जिताउने ठेक्का लिएका एउटा म्याद गुज्रिएका नेताले कुस्त रकम कुम्ल्याएको चर्चाले वीरगंज गन्हाएको छ । रकम ऐंठन सरावगीलाई चनाको झारमा चढाउने यस्ताको वास्तविकता बुझेपछि वैशाख ३१ गते बिहानै काठमाडौं कुलेलम ठोके र हप्ता दिन जति मोबाइलको स्वीच अफ गरेर गुप्तवासमा गए । एकातिर सरावगीको पैसा अर्कोतिर छाता छापबाट मेयर पदमा उठेका राजेशमान सिंह पैसा नभएर इन्तु न चिन्तु भएर फटेहाल निर्वाचनको मैदानमा डटेका थिए । भनिन्छ पैसा बोलता है, तर यसपालि सरावगी एन्ड कम्पनीको पैसा बोलेन, बरु राजेशमानको गरीबीको बोलबाला रह्यो र वीरगंजको इतिहासमैं सबैभन्दा बढी मत ल्याएर विजयी भए । यहाँ एमाले र विमालेको सङ्घर्ष पनि रोचक र घोचक रह्यो ।

सरावगीलाई नगवामा जनताले घेर्नु, पूर्वमेयर विमल श्रीवास्तवलगायतको गलफत्तीपूर्ण भिडियो सार्वजनिक हुनु तथा सरावगीको मोटो रकम गिरोहहरूमा सीमित व्यक्तिले बाँडफाँड गर्नु, नूनचुकसहित ओलीको बोली तथा सीमित गिरोहबाज, दगाबाजहरूको पञ्जामा सरावगी फस्नु, उनको पालामा महानगरपालिकामा बेथिति बढ्नु, महानगरमा सेवाग्राहीले अनाहक दुःख पाउनु र थोपरिएको अनावश्यक कर भार नै उनको पराजयको प्रमुख कारण बन्यो । धन–कुबेरझैं पैसा खर्च गरेका उनले यति ठूलो भारी मतले पराजित हुने कल्पना भने गरेका थिएनन् । यो स्थानीय चुनावमा एमाले र सरावगी मात्र होइन, पूर्वमेयर विमल श्रीवास्तवसमेतको लङ्गोट खुलेको छ । यस्तै समूहहरूले सूर्यको पचास हजार भोट छ भन्दै राम्रै रकम असुली गरेको चर्चा महानगरमा व्याप्त छ । राजेशमान हराऊ अभियानमा स्थानीय एमालेभन्दा साइकल छापका विमल श्रीवास्तवले बढेचढेर हिस्सा लिएको दिनको घामझैं छर्लङ्ग छ । यिनीहरूको औकात त बिचरा पुरुषोत्तमलाल झाले ल्याएको भोटले देखाउँछ ।

विमल श्रीवास्तवको बसोवास रहेको वडा नं. ५ मा राजेशमानले सात सयभन्दा बढी मत ल्याए भने सरावगी चार सयको हाराहारीमा अड्किए । श्रीवास्तवहरूले राजेशमानको बाल बाँका गर्न नसके पनि त्यसको बदला छाता छापमा सोही वडाका वडाध्यक्षका उम्मेदवार सुशील सिंह क्षत्रीलाई २८ भोटले शिकार बनाई हराइदिए । भनिन्छ यिनीहरूको औकात झरेर अब वडाध्यक्ष र वडासदस्यलाई जिताउने हराउनेमा सीमित छ, त्यो पनि आफ्नै वडामा मात्र है । काम लागेन, बाप बडा ना भैया सबसे बडा रुपियाँ । वीरगंजमा विमाले पतनोन्मुख छ, पक्का हो । अत्यधिक मतले राजेशमानले जितेर जनता समाजवादी पार्टीको नाम उच्च गरेका छन् । उनको यो उल्लासपूर्ण विजयमा सांसद प्रदीप यादव, मुख्यमन्त्री लालबाबूराउत गद्दी, पार्टीका होनहार कार्यकर्ता र नगरवासीको अतुलनीय योगदान छ । अब जसपा र राजेशमानको जिम्मेवारी बढेको छ, महानगरपालिकामा पूर्व प्रमुखद्वारा गरिएका र रचिएका गलत कामहरूलाई सच्याउँदै महानगरमा चर्चामा रहेको लुटखसोटलाई सफाचट गर्दै, विकास निर्माणमा दत्तचित्त भई सक्रिय हुनु राजेशमानका लागि एक मात्र विकल्प हो । वीरगंजको बेथिति बढार्दै राजेशमानले भोलिको सुनौलो बिहानी सुनिश्चित गर्ने शुभकामनाका साथ बिदा चाहन्छु ।

# कक्षा १२ को परीक्षाको सम्पूर्ण तयारी पूरा, प्रश्नपत्र अनलाइनबाटै

भक्तपुर, १५ जेठ/रासस

राष्ट्रिय परीक्षा बोर्डले यस वर्ष कक्षा १२ को परीक्षाको सम्पूर्ण तयारी पूरा गरेको छ । सोमवारदेखि देशभर एकैसाथ शुरू हुने परीक्षाको सम्पूर्ण तयारी पूरा गरेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिए ।




सोमवार बिहान ८ बजेदेखि शुरू हुने परीक्षा यही जेठ २५ गतेसम्म सञ्चालन हुनेछ । परीक्षामा करीब चार लाख १५ परीक्षार्थी सहभागी हुने जानकारी दिंदै बोर्डका अध्यक्ष डा शर्माले देशभरमा १२९२ केन्द्रमा परीक्षा सञ्चालन हुने बताए । उनका अनुसार ७७ जिल्लाकै सबै केन्द्रमा परीक्षा शुरू हुनुभन्दा आधा घण्टा अगाडि अनलाइनबाट प्रश्नपत्र पठाइने छ । परीक्षा केन्द्रले प्रश्नपत्र फोटोकपी गरेर परीक्षार्थीलाई वितरण गर्नेछ । विगत दुई वर्ष कोभिड महामारीका कारण विद्यार्थीले अध्ययन गरेकै विद्यालय (होम सेन्टर)मा परीक्षा सञ्चालन गर्दा अनलाइनबाटै प्रश्नपत्र पठाउने व्यवस्था गरेपछि यस वर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाउने व्यवस्था गरिएको हो ।

तीन घण्टा सञ्चालन हुने परीक्षालाई शान्तिपूर्ण, मर्यादित, व्यवस्थितरूपमा सम्पन्न गर्न बोर्डका अध्यक्ष डा शर्माले सबै सरोकारवाला निकाय तथा आमनागरिकमा आह्वान गरेका छन् ।

यसैबीच कक्षा ११ को परीक्षा पनि सोमवारदेखि नै सञ्चालन हुने भएको छ । कक्षा ११ को परीक्षा विद्यालयले नै सञ्चालन गर्न पाउने व्यवस्था गरिएकोले अधिकांश विद्यालयले भोलिदेखि नै परीक्षा सञ्चालन गर्ने भएका हुन् ।

# किसानलाई धानको बीउको पिरलो

–गोपालप्रसाद बराल

महोत्तरी, १५ जेठ/रासस

महोत्तरीमा धानको बीउको अभाव भएको छ । हिउँदे धानको बीउ राख्ने बेला बजारमा भरपर्दो बीउ नपाएपछि किसानको पिरोलो बढेको हो । मुख्य बाली धान ठीक समयमा रोप्न नसक्ने छाँट देखिएपछि किसान चिन्तित बनेका छन् ।

“आधा जेठ त भइ नै हाल्यो, खै बीउ पाइँदैन, के गर्ने होला”–अहिले यहाँका आम किसान यस्तै भन्छन् । स्थानीय तहको चुनावबाट जितेका प्रतिनिधिले काम सम्हाले पनि ‘बीउको प्रबन्ध यहाँ गरिएको छ’ कसैले नभनेको भङ्गाहा–४ का किसान मोहन खाँ थारू भन्छन् ।

“चुनाव अघि प्रचारमा घरघर पुग्दा अब बस्तीबस्तीमैं बीउ, मल सुलभ मूल्यमा व्यवस्था गरिन्छ भन्थे”–भर्खरै सम्पन्न स्थानीय तह निर्वाचन अभियानको प्रचारप्रसार सम्झँदै उनले भने–“अहिले पद सम्हालेपछि भेट्नै सकिन्न ।” समयसमयमा परेको पानीले माटोमा धुले बीउ राख्ने चिस्यान पर्याप्त भए पनि बीउको टुङ्गो नहुँदा किसान रनभुल्लमा छन् ।

यसपालि वैशाखी तरकारी हुरीबतास र पानीले पिटेर गलेको फलफूल हावाहुरीले सोत्तर पारेर झारेको पिरलो खेपेका यहाँका किसानलाई मध्य जेठ बित्दै गर्दा धानको बीउको समस्या परेको छ । यही जेठ मध्यसम्म धानको बीउ नै नभेटिएपछि यसपालि समयमा ब्याड राख्न र रोपाइँ गर्न नभ्याइने किसानको आशङ्का छ । असार पहिलो सातालगत्तै धानको सघन बीउ (बेर्ना) रोपाइँ शुरू हुने भए पनि अहिलेसम्म बीउको जोहो नै नहुँदा यसपालि ठीक समयमा खेती लाग्न नसक्ने किसानको चिन्ता छ । “जेठ आधा त भइ नै हाल्यो, धानको बीउ पाइएको छैन”–जिल्लाको बलवा नगरपालिका–१० धमौराका किसान मन्सुर राइन भन्छन्–“यसपालि खेतीको सबै तालिका भताभुङ्ग हुने भयो, समयमैं धान रोपाइँ गर्न नपाइने भन्ने परिसक्यो ।”



मध्य जेठमा धानको बीउ ब्याडमा राखी सक्नुपर्नेमा बीउ नपाएर झोक्राउनुपरेको उनको भनाइ छ ।

जिल्लाको मुख्य फसल (बाली) धान लगाउने टुङ्गो नभएपछि किसान घरगुजाराको चिन्ताले पिरोलिएका छन् । पहिलेपहिले स्थानीय जातका धान लगाइँदा आफैंले बीउ राख्ने गरे पनि अहिले विकासे जातका धान लाउन थाल्दा बीउकै लागि बजारको मुख ताक्नुपरेको किसानको भनाइ छ ।

“हामीसँग आफ्नै कलमखोर, गोला, हरिणाकेर, वानपाकी, जसवा र सञ्जिरासहितका दर्जनौं धानका जात हुन्थे”–भङ्गाहा नगरपालिका–९ हरिणमरीका ८० वर्षीय किसान जितन यादव भन्छन्–“विकासे जात धेरै फलाउने भनेर पुरानो धान मासियो, अहिले बीउ नपाएर सास्ती छ ।” पछिल्ला दुई दशक यता स्थानीय जातका धान लगाउन छाडेपछि प्रत्येक वर्ष ब्याडमा बीउ राख्ने बेला धान नपाएर गलफती पर्ने गरेको यहाँका आम किसान बताउँछन् ।

विकासे धान लगाउन थालेपछि बर्सेनिजसो जात फेरिने गरेको किसानको अनुभव छ । जिल्लामा जिल्ला कृषि विकास कार्यालय हुन्जेल तिनका मातहतका कृषि केन्द्र र उपकेन्द्रमा कृषि प्राविधिक बस्ने र बेलाबेला खेतीबारे परामर्श लिन पाउने दिन पनि गएको किसानको गुनासो छ । “गाउँमा सिंहदरबार पुगेको कुरामात्र भयो, हाम्रा कुनै स्थानीय तहले कृषि शाखा राम्रो चलाउन सकेनन्”–लगन र मेहनतले राम्रो उत्पादन लिन जिल्लामैं कहलिएका भङ्गाहा–४ का किसान सत्यनारायण यादव भन्छन्–“जिल्ला कृषि विकास कार्यालय हुँदा विषयपिच्छेका विज्ञ (बाली, फलफूल, तेलहन, मत्स्य) थिए, अहिले कहाँ हराका होलान् भन्ने लाग्छ, पछिल्लोपटक गाउँमा सिंहदरबार पुर्‍याउने कुराले कृषि क्षेत्रका संरचना हटाइँदा सबै भताभुङ्ग भयो ।” खेतीपातीबारे बोलाएर राय सल्लाह दिने, हेरिदिने २०७४ कै स्थानीय तहको निर्वाचन भएयता कोही नभेटिएका उनले विरक्तिँदै भने ।

जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमध्ये कुनैले कृषि शाखा सञ्चालन गरेर विज्ञहरूबाट किसानलाई सल्लाह दिने, बालीनाली हेरिदिने, कृषि सामग्रीको बजार व्यवस्थापन गर्ने र किसानकै गुनासो सुन्ने ठाउँ कतै नबनेको जिल्लाका आम किसानको गुनासो छ । यद्यपि गत वर्ष जिल्ला सदरमुकाम जलेश्वरमा कृषि ज्ञान केन्द्र सञ्चालनमा भने आएको छ । तर कृषि ज्ञान केन्द्र र स्थानीय तहका कृषिसम्बद्ध निकाय एवं शाखाहरूसँग समन्वय भने नभएको किसान बताउँछन् ।

“हाम्रो सुन्ने कोही छैन”–विगतमा पर्सापतैली गाविस छँदा उपाध्यक्ष रहिसकेका हालको जलेश्वर नगरपालिका–५ चौरियाका किसान रहिमन मण्डल भन्छन्–“अहिले धानको बीउ छैन, अब कसलाई भन्ने हो । हामी किसानको कसले सुन्छ ।” विगतमा जिल्ला कृषि विकास कार्यालय हुँदा सो कार्यालयले नमूना बीउ दिएर प्रोत्साहित गर्ने गरेको र सुलभ मूल्यमा बीउ पाउने गरेको कुरा अब कथाजस्तो भएको मण्डल बताउँछन् । कहिलेकाहीं कुनै स्थानीय तहले उन्नत जातका धानको बीउ सुलभ मूल्यमा किसानलाई वितरण गरेपनि यो कार्यले निरन्तरता नपाएको किसानको गुनासो छ ।

“पोहोर त जेठ निगल्दोतिर नगरपालिकाले ५० प्रतिशत छुटमा बीउ दिएको थियो, खै यसपालि त भर्खर प्रतिनिधिहरू छानिएका छन्, बीउ पाउने त के यसबारे चर्चा पनि छैन”–बर्दिवास–२ का उमेश आचार्यले भने । स्थानीय तहले आआफ्नो कार्यालयमा व्यवस्थित कृषि शाखा सञ्चालनमा ल्याएर काम नथालेसम्म व्यथा सुनाउने ठाउँ पनि नपाइएको उनको गुनासो छ ।

जिल्लाका १५ स्थानीय तहमध्ये धेरैजसोमा कृषि शाखा नै सञ्चालनमा छैन । केही स्थानीय तहले प्रयत्न थाले पनि आम किसानबीच पुग्न नसकेको बर्दिवास–९ पशुपतिनगरका किसान महेन्द्र महतोले जानकारी दिए । “हामीलाई

(बाँकी पाँचौं पातामा)

# तारा एयरको जहाज दुर्घटनाग्रस्त, खोजी जारी

बलेवा, १५ जेठ/रासस

पोखराबाट मुस्ताङका लागि उडेको तारा एयरको नाइन एन एइटी ट्विनअटर विमान आज बिहान औसतभन्दा कम उचाइमा थासाङ पुगेको थियो ।

हल्का वर्षा भइरहेको बेला घरभन्दा केही माथि जहाज दुई तीनपटक घुमेको देखेको थासाङ गाउपालिका–२ बोक्सेखोलाका विकल बागदासले बताएका छन् ।




“हामी खाना खाँदै थियौं, जहाज धेरै पटक घुमेको थियो, हल्का कुहिरो लागेर पानी परिरहेको थियो”–उनले यस अघि मुस्ताङ जाने जहाज यति धेरै तल आएको नदेखेको बताए ।

“घरमैं ठोकिन्छजस्तो गरेर दुईतीन पटक घुम्यो, गाउँले सबै बाहिर निस्केर हेरेका थियौं–उनले भने–“केही बेरमा अलिमाथि उडेर गयो, पानी परेकोले घुमेको होला भन्ने लागेको थियो ।”

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार ‘इमरजेन्सी लोकेशन ट्रान्समिटर सङ्केत’ फेला परेको छ । सङ्केत अनुसार जहाज केही वस्तु वा पहाडमा ठोकिएको देखिन्छ । तर जहाज ठोकिएको आशङ्का गरिएको स्थान मानव बस्तीभन्दा निकै उच्च पहाडमा पर्ने उनले बताए ।

“त्यो पहाड निकै टाढा र अप्ठ्यारो ठाउँमा छ, अहिले त जान सकिंदैन–उनले भने–“आकाश खुल्यो भने हेलिकप्टरमा जान सकिएला ।”

सम्पर्कविहीन भएको तारा एयरको विमान १९ जना यात्रु लिएर बिहान ९ बजेर ५५ मिनेटमा पोखराबाट उडेको थियो । मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माका अनुसार म्याग्दी, मुस्ताङ, पर्वत र कास्कीका सम्भावित सबै ठाउँमा खोजी भइरहेको भए पनि जहाज सम्पर्कविहीन छ । अहिले मुस्ताङका अधिकांश ठाउँमा बाक्लो बादल लागेर पानी परिरहेको स्थानीयले बताए ।

यसैबीच पोखराबाट जोमसोम उडानका क्रममा हराइरहेको तारा एयरको जहाज खोज्न पोखराबाट नेपाली सेनाको हेलिकप्टर त्यसतर्फ प्रस्थान गरेको छ ।

पोखराबाट मुस्ताङको जोमसोमका लागि बिहान ९ बजेर ५५ मिनेटमा उडेको तारा एयरलाइन्सको विमान सम्पर्कविहीन भएसँगै त्यसको खोजी कार्य तीव्र बनाइएको छ ।

यस अघि जहाज खोज्न परिचालन गरिएको फिस्टेल एयरको हेलिकप्टर प्रतिकूल मौसमका कारण जोमसोम नै फर्केको थियो ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणको खोज तथा उद्धार समन्वय केन्द्रले विज्ञप्ति जारी गर्दै पोखराबाट स्थानीय समय अनुसार बिहान ९:५५ बजे जोमसोमका लागि १९ यात्रु र तीन चालक दलका सदस्यसहित उडेको उक्त जहाज अन्तिम पटक जोमसोम टावरसँग १०:७ बजे घोडेपानी भन्ने स्थानमा सम्पर्कमा आएको र सोपश्चात् सम्पर्कविहीन भएको जनाएको छ ।

काठमाडौं, पोखरा तथा जोमसोम विमानस्थलमा खोज तथा उद्धारकार्यका लागि थप हेलिकप्टर तयारी अवस्थामा रहेकाले मौसममा सुधार आउनासाथ हवाईमार्गबाट खोजकार्य पुनः शुरू गरिने केन्द्रले जनाएको छ । स्थलमार्गबाट खोजीकार्य गर्न नेपाली सेना र नेपाल प्रहरी त्यसतर्फ प्रस्थान गरिसकेको केन्द्रले जनाएको छ ।



राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवालगायत गणतन्त्र दिवस २०७९ को अवसरमा गणतन्त्र दिवस मूल समारोह समितिद्वारा आइतवार टुँडिखेलमा आयोजित समारोहमा सहभागी हुँदै र सलामी ग्रहण गर्दै राष्ट्रपति भण्डारी । तस्वीरः रासस

# भुइँमान्छेदेखि नगरप्रमुखसम्मको यात्रा

राधेश्याम पटेल, परवानीपुर १५ जेठ/

मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगंजको नगरप्रमुखमा सत्तारूढ पाँच दलीय गठबन्धनबाट जसपाका राजेशमान सिंह विजयी भएका छन् । निवर्तमान नगरप्रमुख एमालेका मेयर विजयकुमार सरावगीलाई भारी मतले पराजित गर्दै नगरप्रमुख बनेका हुन् । उनको जीतसँगै सामाजिक सञ्जालमा उनी भुइँमा सुतेको फोटो भाइरल गरिएको छ। पत्रकार जियालाल साहले यसबारे सिंहलाई न एसी चाहिन्छ, न सोफा, न राजगद्दी, भुइँमान्छे भुइँमैं सिरानी भनेर लेखेका छन्। भुइँमा चटाई बिछ्याएर ब्यागलाई तकिया बनाएर सुतेका सिंह वीरगंजको नगरप्रमुख भएर पाँच वर्षका लागि कमान सम्हालेका छन्। सोही तस्वीरबारे वीरगंज श्रीपुरका युवा नीरज पाण्डेले भुइँबाट उठेको व्यक्तिलाई आकाश हेर्दा राम्रो लाग्न सक्ला तर उसले आफ्नो माटोलाई कहिल्यै बिर्सिन सक्दैन, किनभने उसले भुइँ र माटोको महत्त्व बुझेको हुन्छ भनेर टिप्पणी गरेका छन्।

वीरगंजको नगरप्रमुख बनेका सिंह बारे जान्ने उत्सुकता अहिले धेरै छ। को हुन् सिंह ? मधेसीबहुल क्षेत्र वीरगंजमा नगरप्रमुख बनेका नेवार समुदायका सिंहको परिवार लगभग १७५ वर्ष पहिले मधेश झरेको हो। प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा काठमाडौंमा कोतपर्व हुँदा कीर्तिपुरका भाजुमान सिंह श्रेष्ठलाई काटेर मारिएको थियो । राजेशमान सिंहका जुजुबुवा (हजुरबुवाको बाजे) थिए भाजुमान सिंह श्रेष्ठ। जुजुबुवालाई काटेकै दिन रातारात डाँडा कटेर उनको परिवार मधेस झरेको थियो । जुजुबुवाका चारजना छोरा थिए। गोविन्दमान सिंह श्रेष्ठ, गोपालमान सिंह श्रेष्ठ, कृष्णमान सिंह श्रेष्ठ र भक्तमान सिंह श्रेष्ठ । राजेशमान सिंह सबैभन्दा कान्छा छोरा भक्तमान सिंह श्रेष्ठका सन्तान हुन्। उनका माइला हजुरबुवा गोपालमान सिंह श्रेष्ठ त्यस बेलाको अदालतको खरिदार र हजुरबुवा भक्तमान सिंह श्रेष्ठ डिठ्ठा पदमा कार्यरत थिए ।

राजपरिवारसँग नजीक रहेको सिंह परिवार भारदार थियो। तर जुजुबुवाको घटनापछि सबै त्रसित भएर काठमाडौंबाट पलायन भएको सुनाउँछन् राजेशमान– "त्यस घटनापछि मेरो सबै परिवार वीरगंज आयो सङ्घर्ष गरी जीवन बाँच्न थाल्नुभयो ।"

राजेशमान सिंहका हजुरबुवा

तस्वीरः फाइल




भक्तमान सिंह श्रेष्ठका चारजना छोरा, जेठा भूपेन्द्रमान सिंह श्रेष्ठ, माइला नरेन्द्रमान सिंह श्रेष्ठ, कान्छा तुलेन्द्रमान सिंह श्रेष्ठ हुन् । उनका बुवा भूपेन्द्रमान र आमा रुक्मिणी श्रेष्ठ तथा एकजना काका नरेन्द्रमान सिंह श्रेष्ठको निधन भइसकेको छ। कान्छा काका तुलेन्द्रमान श्रेष्ठ जीवित छन् । बुवा आमाको तीन सन्तानमध्ये कान्छा छोरा हुन् राजेशमान सिंह। ठूली दिदी सङ्गीता श्रेष्ठ काठमाडौंमा राष्ट्रिय वाणिज्य बैंकमा जागीर गर्छिन् भने माइला दाइ शैलेन्द्रमान सिंह श्रेष्ठ काठमाडौंमा एक दशकदेखि व्यवसायमा आबद्ध छन् ।

**रेडियो मिस्त्रीका छोरा हुन् राजेशमान**

वीरगंजको नगरप्रमुख सिंहका बुवा भूपेन्द्रमान सिंह रेडियो मिस्त्री थिए । उनको परिवार वीरगंज आएपछि वडा नं ३ छपकैयामा बसोवास गरेको थियो। बुवा भूपेन्द्रमान सिंह श्रेष्ठ वीरगंजको माईस्थानमा प्रभाकर रेडियो सर्भिस नामको पसल चलाउँथे। "मेरो परिवार तथा बुवाहरूले धेरै सङ्घर्ष गर्नुभएको छ, बुवा रेडियो पसल चलाउनुहुन्थ्यो, रेडियो बेच्नुहुन्थ्यो–राजेशमान भन्छन्– "वीरगंजको गीतामन्दिर छेउको जग्गामा रहेको कीर्ति सिनेमा हलमा बुवाले प्राविधिक भएर प्रोजेक्टर पनि चलाउनु भएको छ ।

वीरगंजको ठाकुररामबाट राजनीति शुरू गरेका सिंह २०२७ सालमा जन्मेका हुन् । २०४२ सालमा उनले त्रिजुद्ध माविबाट एसएलसी गरे । प्रवीणता अध्ययनका लागि ठाकुरराम बहुमुखी क्याम्पसमा नाम लेखाए। २०४३ सालदेखि मानविकी प्लस टुमा अध्ययनरत सिंहको राजनीतिक शुरूआत नेपाली काङ्ग्रेसको जनवर्गीय सङ्गठन नेविसङ्घबाट भएको हो । हाल नेका पर्साका सभापति जनार्दनसिंह क्षत्रीसँगै अध्ययन गरेका उनी २०४६ सालको जनान्दोलनमा काङ्ग्रेसको सक्रिय कार्यकर्ता थिए । उनले भारत मोतिहारीको पण्डित उगम पाण्डे महाविद्यालय, बिहारबाट बिए गरे ।

२०५४ सालमा नेकाबाट वडा सदस्यमा निर्वाचित भएका थिए। त्यति बेला वीरगंज नगरपालिकाबाट उपमहानगरपालिका भएको थियो। सिंह पाँच वर्ष नगरसभाको सभामुख बने । त्यतिबेला काङ्ग्रेस, एमाले, सद्भावना र राप्रपा पार्टी मात्रै थियो ।

त्यस बेलाको ११६ सदस्यीय वीरगंज उपमहानगरपालिकाको परिषद् सदस्य थिए र विमल श्रीवास्तव सामीप्यमा थिए।

२०६२ सालको राजशाही शासनकालमा वडाध्यक्ष बने ।

२०६२–०६३ को मधेस आन्दोलनपछि उनी मधेसवादी पार्टीसँग आबद्ध भएर मधेसी राजनीतिमा होमिए । २०६८ सालमा शरदसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेस समाजवादी पार्टीको नेताको रूपमा उनले आफ्नो राजनीतिक यात्रालाई निरन्तरता दिए । २०७० सालको पहिलो संविधानसभा चुनावमा उनी शरदसिंह भण्डारीकै पार्टीबाट पर्सा क्षेत्र नं १ मा चुनाव लडेर हारे । त्यति बेला काङ्ग्रेसका राजेन्दबहादुर अमात्य विजयी भएका थिए। विमल श्रीवास्तव दोस्रो र सिंह तेस्रो भएका थिए। त्यसपछि २०७३ सालमा ६ वटा मधेसवादी राजनीतिक पार्टीहरू मिलेर राजपा बन्यो। २०७४ सालमा वीरगंजको नगरप्रमुखमा उनी राजपाबाट वीरगंजको नगरप्रमुखमा लडेर हारे । योपटक पनि उनी तेस्रो भए भने नेकाका अजयकुमार द्विवेदी दोस्रो भएका थिए ।

**नगरप्रमुखमा सिंह जितेको पाँच कारण**

नगर प्रमुखमा निर्वाचित सिंहले आफ्नो जीतमा पाँचवटा कुराले महत्त्वपूर्ण भूमिका खेलेको बताएका छन्।

१. चुनाव हारे पनि जनताबीच रहेर काम गरेको,
२. अहिले पार्टी राम्रो पाएको,
३. जसपा नेतृत्वले राम्रो साथ दिएको,
४. निवर्तमान मेयर सरावगीसँग जनता निराश भएको,
५. निर्वाचनमा जसपा सांसद प्रदिप यादवको राम्रो कमान्डिङ रहेको ।

**एमालेबाट किन फर्के ?**

राजेशमान सिंहले यो स्थानीय चुनावमा एमाले पार्टीबाट उम्मेदवार बन्ने सोच राखेका थिए । लोसपामा रहेका उनी एमालेबाट नगरप्रमुखमा लड्ने तयारीमा थिए। यसैबीच फागुन २८ गते निवर्तमान नगरप्रमुख सरावगी एमाले प्रवेश गरेपछि सिंह एमालेमा प्रवेश गर्न चाहेनन्। किनभने उनी पनि प्रमुख पदको दाबी गर्दै एमाले प्रवेश गरेका थिए । सरावगी प्रवेश गरेपछि पार्टीले टिकट नदिने ठम्याएर उनी चैत २ गते जसपा प्रवेश गरे। आफूमाथि धेरै पार्टी चहारेको आरोप लागेपनि अहिले घर फर्केको उनी बताउँछन् । उनले चुनावमा दुई महीना राम्ररी नसुतेको र अब पाँच वर्ष राम्रो काम गरेर देखाउने प्रतिबद्धता जाहेर गरेका छन्। मेहनतबाट पाएको विरासत मेहनत गरेर सफल पार्छु–सिंह भन्छन्।

# आठ महीनामा ३२५ किमी सडक कालोपत्र र ८० पुल सम्पन्न

–सञ्चिता घिमिरे

काठमाडौं, १५ जेठ/रासस

सरकारले चालू आर्थिक वर्षको आठ



प्रतिनिधिसभा बैठकमा बजेट वाचन गर्ने क्रममा मन्त्री शर्मा। तस्वीरः रासस

महीनामा ३२५ किलोमिटर सडक कालोपत्र र ८० पुलको निर्माण सम्पन्न गरेको छ । सरकारले शनिवार सार्वजनिक गरेको आर्थिक सर्वेक्षण अनुसार गत फागुनसम्म २६५ किमी सडकखण्ड ग्राभेल भएको छ भने ९५ किमी मरम्मत भएको छ ।

हालसम्म १६ हजार ९३९ किमी कालोपत्र सडक र आठ हजार ८२१ किमी कच्ची गरी सडकको लम्बाइ ३३ हजार ८७१ किमी पुगेको छ। गत असारसम्म १६ हजार ६१४ किमी कालोपत्र, आठ हजार ७१ किमी खण्डस्थित र आठ हजार ९३१ किमी कच्ची सडक थियो ।

गत आवमा नै ४७२ किमी नयाँ माटे सडक निर्माण भएको उल्लेख छ। यो अवधिमा ७३९ किमी सडक ग्राभेल र ११९० किमी सडक कालोपत्रमा स्तरोन्नति भएको थियो। गत आवमा नै सात हजार १८७ किमी सडक नियमित र पटके मरम्मत र ४२४ किमी आवधिक मरम्मत भएको थियो। गत आवमा १९२ पुल सम्पन्न भएको थियो ।

फागुनसम्म प्रादेशिक र स्थानीयस्तरका कच्ची, ग्राभेल र कालोपत्र गरी ९२१ किमी सडक निर्माण भएपछि देशमा जम्मा ६४ हजार ६१७ किमी सडक निर्माण भएको छ । गत असारसम्म कुल प्रादेशिक र स्थानीय सडकको लम्बाइ ६३ हजार ६९६ किमी थियो ।

निर्मित सडकमध्ये कालोपत्रको अंश सात प्रतिशत, गाभ्रेलको २१ प्रतिशत र कच्ची सडकको ७२ प्रतिशत रहेको छ। निर्माण भएका कच्ची सडकको क्रमिकरूपमा स्तरोन्नति गर्नुपर्ने र विद्यमान सडक चौडा गर्नुपर्ने सर्वेक्षणमा बताइएको छ ।

गत फागुनसम्म कुल सडकमध्ये हिमाली क्षेत्रमा १६ प्रतिशत, पहाडमा ५५ प्रतिशत र तराईमा २९ प्रतिशत रहेको थियो। राष्ट्रिय गौरवका आयोजनामध्ये मध्यपहाडी (पुष्पलाल) राजमार्ग ४४ किमी थपिएर ११५७ किमी पुगेको छ । यहाँका १२९ पुलमध्ये हालसम्म ९२ पुल निर्माण सम्पन्न भएका छन् ।

हुलाकी राजमार्गमा यो अवधिमा ८१ किमी सडक र पाँच पुल निर्माण भएको थियो । उत्तर–दक्षिण करिडरमध्ये कालीगण्डकी करिडरमा यो वर्ष गैंडाकोट–राम्दी–मालढुङ्गा खण्डमा ६४ किमी कालोपत्र भएको थियो। मालढुङ्गा–बेनी–जोमसोम–कोरला १३२ किमी ग्राभेल र २५ किमी कालोपत्र भएको थियो ।

कर्णाली करिडरमा यो वर्ष सिमकोट–सरीसल्ला तीन किमी ट्र्याक थप भएर २६१ किमी पुगेको छ। कोशी करिडरमा यो वर्ष थप चार किमी ग्राभेल थपिएर ग्राभेल सडकको लम्बाइ ७२ किमी पुगेको छ ।

मदन भण्डारी राजमार्गमा गत फागुनसम्म थप चार किमीमा कालोपत्र भएर कालोपत्र सडक २४१ किमी पुगेको छ । जम्मा १८५ पुल निर्माण गर्नुपर्नेमा हालसम्म ७७ पुल सम्पन्न भएको छ ।

प्रमुख व्यापारिक सडकमध्ये रानी–विराटनगर–इटहरी–धरान खण्डमा दुई किमी, जटही–जनकपुर–ढल्केबर खण्डमा १.२ किमी, वीरगंज–पथलैया २.२ किमी र मोहना–अत्तरिया खण्डमा ५०० मिटर कालोपत्र सम्पन्न भएको छ ।

स्थानीय पूर्वाधार अन्तर्गत गत फागुनसम्म २१५ झोलुङ्गे पुल र चार सडक पुल निर्माण भएको छ । हाल झोलुङ्गे पुलको सङ्ख्या ९३८८ र सडक पुलको ६२७ पुगेको छ । पहिचान भएका १४३ तुइनमध्ये १३४ तुइन झोलुङ्गे पुलद्वारा विस्थापित गरिएको जनाइएको छ ।

**सत्र हजार १८ सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान**

यातायाततर्फ सवारीसाधनमा चालू आवमा १७ हजार १८ सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान भएको छ। हालसम्म एक लाख ३५ हजार ३४१ इम्बोस्ड नम्बर प्लेट उत्पादन भएर आठ हजार ३६७ सवारीसाधनमा जडान गरिएको छ ।

चालू आवमा दुई लाख ४६ हजार ६५२ सवारी चालक अनुमतिपत्र वितरण भएको छ । सार्वजनिक यातायातमा जिपिएस भेइकल ट्र्याकिङ प्रणाली लागू गर्न ३५ सार्वजनिक सवारीसाधनमा जडान गरिएको छ ।

**५६ किमी रेलमार्ग सम्पन्न, रेल सञ्चालन शुरू**

रेल यातायातमा जयनगर–जनकपुर–कुर्था–बिजलपुरा रेलमार्ग र बथनाहा–विराटनगर रेलमार्गमा नेपालतर्फको ७९ किमीमध्ये हालसम्म ५६ किमी सम्पन्न भइसकेको छ ।

चालू आवमा नै जयनगर–कुर्था रेलमार्ग सञ्चालनमा ल्याइएको छ। पूर्व–पश्चिम विद्युतीय रेलमार्गको बर्दिवास–निजगढ खण्डमा चालू आवमा १.५ किमी

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

### घाँटी निहुर्‍याउँदा ढाडमा २७ किलो वजनको भार

कोरोनाकालदेखि मोबाइल र कम्प्युटरमा काम गर्ने समयमा पनि वृद्धि भएको छ। हामी दिनभरि मोबाइल र कम्प्युटरतर्फ टाउको निहुर्‍याएर बस्छौं। अस्ट्रेलियाको काइरोप्रैक्टर्स एसोसिएशनले नयाँ शोधमा दाबी गरेको छ, हामी यसप्रकार यी उपकरणको बढी प्रयोग गर्छौं भने घाँटी र पिठ्युमा कुब्रो निस्कन सक्छ, र हामी कुप्रो हुन सक्छौं । वैज्ञानिकले यसलाई टेक नेक नाम दिएका छन्।



यस स्थितिमा हाम्रो मेरुदण्डको हाडलाई झुकावको सामना गर्नुपर्छ। अस्ट्रेलियाको मेरुदण्ड विशेषज्ञ अनुसार जब हामी घाँटी अगाडितर्फ ६० डिग्रीसम्म झुकाउँछौं भने मेरुदण्डमा २७ किलोग्राम वजन राख्छौं ।


सिडनीकी लेखिका टुरूपी यिप भन्छिन्–कार्यालयमा प्रतिदिन १२ घण्टा काम गर्दा घाँटीमा कुबडजस्तो स्थिति आयो। टाउको पनि दुखिरहन्थ्यो। सातामा ७० घण्टा काम गर्दा ओछ्यानमा थला परे। मेरुदण्ड विशेषज्ञको सल्लाहमा टुरूपीले आठ सातासम्म मेरुदण्ड, घाँटीको अभ्यास गरेकी थिइन्। अफिसमा पोश्चर सुधारिन् र दिनभरि कैयौंपटक शरीर तन्काइन्। त्यसपछि मात्र उनले पूरानो स्वरूप हासिल गर्न सकेको बताइन्।

अस्ट्रेलियामा वयस्कमाथि गरिएको शोध अनुसार ४२ प्रतिशत वयस्क घाँटी दुखाइ र घाँटी अकडनबाट ग्रसित थिए। ३६ प्रतिशत मान्छेको टाउको दुख्ने र २५ प्रतिशत मान्छे माइग्रेनबाट परेशान थिए । करीब एकतिहाई अस्ट्रेलियन वयस्कले भने–हामी हरेक घण्टा ५ देखि ३० पटक फोन प्रयोग गर्छौं । त्यस्तै दशजनामध्ये एकजनाले ४० पटकसम्म फोन प्रयोग गर्ने गरेको बताए ।

विशेषज्ञले उनीहरूलाई हरेक ३० देखि ६० मिनेटमा आफ्नो ठाउँबाट उठ्ने र वरपर घुमफिर गर्न भने। तर युवाहरूले यो सल्लाह मानेनन्। आश्चर्यजनक रूपले 'वर्क फ्रम होम' गरिहेका ४१ प्रतिशत मान्छेले हरेक घण्टा बिराम लिएका थिए ।

### मान्छेले बर्सेनि ४४ घण्टा निद्रा गुमाउँदै

ग्लोबल वार्मिङको असर अब हाम्रो निद्रामाथि पर्दैछ। डेनमार्कको कोपेनहेगन युनिभर्सिटीमा हालै गरिएको रिसर्च अनुसार बढ्दो तापमानका साथै हाम्रो निद्राको अवधि पनि घट्दै छ । यस्तो राति गर्मी बढेकोले भइरहेको हो । शोधकर्ताहरूका अनुसार औसतन एकजना मान्छेले हरेक वर्ष आफ्नो निद्राको ४४ घण्टा गुमाउँदैछन् ।



यो अनुसन्धान ६८ देशका ४७ हजार मान्छेमाथि गरिएको हो। वैज्ञानिकले रिस्ट बैन्ड्सको मदतबाट मान्छेको ७० लाख रातको निद्रामाथि निगरानी गरेका थिए। वैज्ञानिकको भनाइ छ पृथ्वीको तापमान वृद्धि भइरहेको छ जसले गर्दा हामीले आफ्नो निद्राको बहुमूल्य क्षण गुमाउँदै छौं ।

अनुसन्धानकर्ताका अनुसार यो स्लिप लस पुरुषको तुलनामा महिलामा एक चौथाई बढी भइरहेको छ । साथै ६५+ उमेरका मान्छेमा दुईगुना र कम आय भएको देशका नागरिकमा तीन गुना छ। यसभन्दा पहिले भएको अध्ययनमा वैज्ञानिकले मानसिक स्वास्थ्य, हृदयघात, आत्महत्या र दुर्घटनामाथि मौसम परिवर्तनको असर जाँच गरेका थिए ।

वैज्ञानिक केल्टन माइनर भन्छन्–गरम रातले ठूलो आबादीको निद्रा खराब गरिरहेको छ । उदाहरणको लागि २५ डिग्री सेल्सियसभन्दा बढी तापमान भएपछि ४६ हजार अतिरिक्त मान्छे स्लिप–लसको शिकार हुन्छन्। हालै भारत र पाकिस्तानमा भएको खतरनाक लूले करोडौं मान्छेको निद्राको अवधि कम गरिदिएको थियो ।

पुरुषको तुलनामा महिलाहरूको शरीर राति सुत्नुभन्दा पहिले चाँडै चीसो हुन्छ। यसैले राति गर्मी बढेपछि महिलाहरू बढी प्रभावित हुन्छन्। यसको अलावा महिलामा औसतन त्वचाको तलपट्टि बढी बोसो हुन्छ जसले गर्दा उनीहरूको कुलिङ प्रोसेस सुस्त हुन्छ ।

वृद्धवृद्धाहरू राति कम सुत्छन् र गरीब देशमा शीतलताको राम्रो सुविधा कम भएको कारण उनीहरू गर्मीबाट बढी प्रभावित हुन्छन् ।

### जिम्बाब्वे अदालतद्वारा महत्त्वपूर्ण निर्णय

जिम्बाब्वेमा कम उमेरमैं किशोरीहरू गर्भवती हुने र विद्यालय छाड्ने क्रम बढेपछि देशको उच्च अदालतले एउटा ठूलो निर्णय गरेको छ । अदालतले सहमतिमा यौन सम्पर्क गर्ने कानूनी उमेरको सीमा १६ देखि बढाएर १८ वर्ष गरेको छ ।

नागरिकले अदालतको निर्णयको स्वागत गर्दै यस प्रकारको निर्णयले किशोरीहरूको यौन उत्पीडनको घटना एवं विद्यालय छाड्ने परिस्थितिमा रोक लाग्नेछ ।



जिम्बाब्वेको अपराध कानून अनुसार केटी यदि १६ वर्षकी छे भने उसले सहमतिमा यौन सम्पर्क गर्न सक्छे । तर अब अदालतले यो नियमलाई समाप्त गरेको छ। रिपोर्ट अनुसार शीर्ष अदालतको यस निर्णयपछि संसद् एवं न्याय मन्त्रालयलाई संविधानको प्रावधान अनुरूप एक वर्षभित्र सबै बच्चालाई यौन उत्पीडनबाट सुरक्षा दिन एउटा नयाँ कानून बनाउनुपर्छ ।

मानव अधिकार समूहका अनुसार कोभिड महामारीपछि किशोर युवतीहरू ठूलो सङ्ख्यामा गर्भवती भएका थिए र त्यसपछि उनीहरूले विद्यालय छाडेका थिए ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## विमान परिचारिकाको दाँत भाँच्ने महिलालाई पन्ध्र महीना जेल

सान डिएगो, १५ जेठ/एपी

साउथवेस्ट एयरलाइन्सकी परिचारिकालाई उडिरहेको विमानमा मुक्का हानेर दाँत भाँच्ने क्यालिफोर्नियाकी एक महिलालाई सङ्घीय जेलमा १५ महीनाको सजाय सुनाइएको छ। सान डिएगोका सङ्घीय न्यायाधीशले भिभियाना क्विनोनेजलाई २६ हजार डलर क्षतिपूर्ति र सात हजार पाँच सय डलर जरिवाना तिर्न आदेश दिएका छन्। न्यायाधीश टोड डब्ल्यू रोबिन्सनले क्विनोनेजलाई व्यावसायिक विमानमा तीन वर्षसम्म उडान गर्न निषेध गरेका छन् भने उनले क्रोध व्यवस्थापन कक्षा वा परामर्शमा भाग लिनुपर्ने आदेश पनि दिएका छन्।




गत वर्ष मार्च २३ मा साउथवेस्ट एयरलाइन्सको विमानमा सेक्रेमेन्टोबाट सान डिएगो जाने क्रममा क्विनोनेजले एकजना परिचारिलाई बारम्बार मुक्का प्रहार गरी उनको अनुहार रगताम्य पार्नुका साथै तीनवटा दाँत भाँचिदिएकी थिइन्। आक्रमणको भिडियो सामाजिक सञ्जालमा व्यापक भएको थियो। देशका दुई प्रमुख अमेरिकन एयरलाइन्स र साउथवेस्ट एयरलाइन्सले यात्रीका दुर्व्यवहार रोक्ने प्रयासमा उडानका बेला मदिरायुक्त पेय बिक्री बन्द गरेका थिए। हाल दुवै एयरलाइन्सले मदिरा बिक्री फेरि शुरू गरेका छन्।

गत साता अदालतमा पेश गरिएको पत्रमा क्विनोनेजले उडान परिचरलाई कुटपिट गरेकोमा माफी मागेकी छन्। नकारात्मक ध्यानाकर्षणका कारण आफू निराश र अपमानित भएको बेला उक्त घटना भएको उनले उल्लेख गरेकी छन्। उडानका क्रममा परिचारिकाले क्विनोनेजलाई सिट बेल्ट लगाउन, सीटको अघि रहेको ट्रे टेबल बन्द गर्न र उनले लगाएको अनुहारको मास्क उपयुक्त ढङ्गले लगाउन आग्रह गरेकी थिइन्। तर उनले आफ्नो फोन ती परिचारिकको फिल्म बनाउन प्रयोग गरिन् र उनलाई धकेलेर मुक्का प्रहार गरिन्। उनले परिचारिकाको कपाल समातेर अनुहारमा धेरै पटक मुक्का हानिन्। यात्रीहरूले क्विनोनेजको लुगा तानेर उनलाई रोक्न खोजे तर सफल भएनन्। रासस

## पुटिनद्वारा फ्रान्स र जर्मनी नेतासँग छलफल

मस्को, १५ जेठ/सिन्ह्वा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले फ्रान्सका राष्ट्रपति इमानुअल म्याक्रों र जर्मन चान्सलर ओलख स्कल्जसँग फोनवार्ता गरेका छन्। उनले त्यस वार्तामा युक्रेनका विषयमा कुराकानी गरेको बताइएको छ। उनले विश्वमा हाल देखा परिरहेको खाद्य सुरक्षाबारे कुराकानी गरेको समाचारमा जनाइएको छ।

शनिवार रूसी राष्ट्रपति पुटिनले उनीहरूसँग फोनमा कुराकानी गरेको मस्कोबाट प्राप्त समाचारमा जनाइएको छ।

त्यस अवसरमा रूसी राष्ट्रपति पुटिनले युक्रेनको पछिल्लो अवस्था र विशेषगरी युक्रेनमा रूसले गरेको सैन्य कारबाहीबारे जानकारी गराएका थिए।


रूसी राष्ट्रपति भ्लादिमिर पुटिन (दायाँ)। तस्वीरः फाइल

उनले रूसले युक्रेनमा गरिरहेको सैन्य कारबाहीका क्रममा अन्तर्राष्ट्रिय कानूनका साथै अन्य मूल्य मान्यताको पनि पालना गरेको जानकारी दिएका थिए। रासस

## ब्रजीलमा भारी वर्षा र बाढीबाट ३७ को मृत्यु, हजारौं विस्थापित

रियो डि जेनेरियो, १५ जेठ/सिन्ह्वा

भारी वर्षा र त्यसपछि आएको बाढीमा परेर उत्तरी ब्रजीलमा कम्तीमा ३७ जनाको ज्यान गएको छ। उत्तरी ब्रजीलको रेसिफ शहर र त्यस वरपर भारी वर्षा हुँदा ती नागरिकको ज्यान गएको यहाँका अधिकारीहरूले जानकारी दिएका छन्।


तस्वीरः सिन्ह्वा

ब्रजीलको उत्तर पश्चिमी प्रेनाम्बुकको राज्यमा शुक्रवारदेखि पानी परेको थियो। निरन्तरको वर्षाले शनिवारसम्म ३७ जनाको ज्यान गएको अधिकारीहरूले जानकारी दिएका छन्। यहाँको अलागोस राज्यमा वर्षाले गर्दा धेरै मानिस विस्थापित हुन पुगेका छन्। सो राज्यमा दुईजनाको वर्षाका कारण ज्यान गएको बताइएको छ।

रेसिफ शहर नजीकै गएको पहिरोमा परेर शनिवार मात्र २० जनाको ज्यान गएको अधिकारीहरूले जानकारी दिएका छन्। सो शहरमा वर्षा जारी नै रहेकोले सतर्कता पालन गर्न भनिएको समाचारमा जनाइएको छ। रासस

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।
वीरगंज महानगरपालिका

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – रोगभय |
| सिंह – यात्रालाभ | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनखति |
| कुम्भ – सुयश | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## शिक्षा क्षेत्रमा १६ अर्ब वृद्धि, कक्षा ६ सम्म दिवा खाजा दिइने

काठमाडौं, १५ जेठ/रासस

आगामी आर्थिक वर्षका लागि शिक्षा क्षेत्रमा चालू आर्थिक वर्षको तुलनामा रु १६ अर्ब रकम वृद्धि हुने भएको छ। अर्थमन्त्री जनार्दन शर्माले आज सङ्घीय संसद्को बैठकमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७९-०८० को बजेट वक्तव्यमा शिक्षा क्षेत्रका लागि मन्त्रालयगत, प्रदेश र स्थानीय तहगत रूपमा रु एक खर्ब ९६ अर्ब ३८ करोड विनियोजन गरेका छन्।


अर्थमन्त्री शर्मा बजेट प्रस्तुतीको तयारीमा। तस्वीरः रासस

आगामी आर्थिक वर्षका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि रु ७० अर्ब पाँच करोड, प्रदेशतर्फ रु पाँच अर्ब ३२ करोड र स्थानीय तहमा रु एक खर्ब २१ अर्ब एक करोड प्रस्ताव गरिएको छ।

चालू आर्थिक वर्षमा शिक्षा क्षेत्रमा कुल रु एक खर्ब ८० अर्ब चार करोड बजेट विनियोजन गरिएको थियो।

प्रस्तावित बजेटमा श्रम, सीप, रोजगार र उत्पादनसँग शिक्षालाई जोड्दै शिक्षामा पहुँच विस्तार गरी गुणस्तर र उत्पादनशील मानव पूँजी विकास गर्ने, विद्यालय क्षेत्र सुधार कार्यक्रम, युवा साक्षरता दर शतप्रतिशत पुऱ्याइने, कुल भर्नादर वृद्धि गर्ने, कक्षाकोठामैं व्यावसायिक ज्ञान र सीपको अवसर सिर्जना गर्ने वातावरण निर्माणलगायत कार्यक्रम रहेका छन्। यसका लागि सरकारले सीपमूलक पाठ्यक्रम लागू गर्ने, स्नातकोत्तर अध्ययन गरेका विद्यार्थीलाई स्थानीयरूपमा कम्तीमा ९० दिन कार्यमूलक सेवा दिन लगाउने व्यवस्था गर्नेछ। राष्ट्रपति शैक्षिक सुधारका कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्ष थप १२०० विद्यालयलाई सो कार्यक्रममा समावेश गर्न रु आठ अर्ब ८८ करोड विनियोजन गरिएको छ।

हाल कक्षा ५ सम्म उपलब्ध हुने दिवा खाजा कार्यक्रम क्रमशः विस्तार गर्दै आगामी आर्थिक वर्षमा कक्षा ६ सम्म सञ्चालन गरिने छ। संसद्बाट शनिवार पारित सरकारको नीति तथा कार्यक्रममा कक्षा ८ सम्म दिवा खाजा कार्यक्रम विस्तार गर्ने भनिएको थियो।

यस्तै विद्यालयका प्रधानाध्यापकले खर्च गर्न पाउने अधिकार क्षेत्र विस्तार, विद्यालयप्रति स्वामित्व वृद्धि, उचित मूल्याङ्कन गरी नमूना विद्यालयको मान्यता, आन्दोलनमा शहीद तथा घाइते भएका सन्तति पढ्ने शहीद विद्यालयलाई क्रमशः मूलधारमा रूपान्तरण गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद् (सिटिइभिटी) को पुनः संरचना गर्ने उल्लेख गरिएको छ। बजेटमा प्राविधिक शिक्षा स्थानीय तहमा हस्तान्तरण गर्न रु आठ अर्ब ३० करोड विनियोजन गरिएको छ।

यस्तै उच्च शिक्षामा विदेशमा पढ्न जाने प्रवृत्ति कम गरी स्वदेशमैं गुणस्तरीय शिक्षा विकासका लागि कार्यक्रम प्रस्ताव गरिएको छ। नेपालमा पढ्न चाहने विदेशी विद्यार्थीलाई प्रवेशाज्ञामा सहजीकरण गर्ने उल्लेख छ। नीति तथा कार्यक्रममा शिक्षामा प्रविधियुक्त शिक्षा विकास गर्न भौतिक पूर्वाधार निर्माण गर्ने, सामुदायिक विद्यालयमा सूचना प्रविधिको विस्तार गर्न इन्टरनेट सुविधा ५० प्रतिशत शुल्कमा उपलब्ध गराउने, गुणस्तरीय शिक्षा प्रणाली विकास गर्ने, विद्यालयको न्यूनतम पूर्वाधार कार्य सम्पन्न गर्ने, विज्ञान र गणित शिक्षकको अभाव हुन नदिन शिक्षक दरबन्दी थप गर्ने, नमूना विद्यालयलाई सुविधासम्पन्न बनाउँदै सञ्चालनमा ल्याउने, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परिवर्तन गर्ने उल्लेख गरिएको थियो।

नीति तथा कार्यक्रममा विदेशी विद्यार्थी नेपालमा आकर्षित हुनेगरी शिक्षालय स्थापना गर्ने, विश्वविद्यालयलाई राष्ट्रिय महत्त्वका आधारमा प्राथमिकीकरण गर्ने, विश्वविद्यालयले अध्ययन अनुसन्धान गरेर सरकारलाई राय सल्लाह दिने वातावरण विकास गर्ने, विश्वविद्यालयलाई रोजगारको आधारमा मूल्याङ्कन गरेर अनुदान उपलब्ध गराउने, विदेशी विद्यार्थीको गन्तव्यका रूपमा नेपालमा शिक्षालय स्थापना गर्ने, प्रत्येक प्रदेशमा दुईवटा मेडिकल कलेज स्थापना गर्ने वातावरण बनाउने, खेलकूद विश्वविद्यालय स्थापना गर्ने कार्यक्रम समावेश गरिएको थियो।

### किसानलाई धानको बीउ....

बालीनाली लगाउने बेला, रोगव्याध लागेका बेला उचित परामर्श चाहिन्छ"–उनले भने–"खै यी पक्ष कहिले सुनवाई हुन्छ।"

यस अघि जिल्ला कृषि विकास कार्यालय छँदा उसको मातहत रहेका कृषि केन्द्र र उपकेन्द्रहरू अहिले सम्बन्धित स्थानीय तह मातहत भएका छन्। पहिलेका कृषि केन्द्र, उपकेन्द्रलाई समेटेर स्थानीय तहले कृषि शाखा सञ्चालनमा ल्याउन नसक्दा आवश्यक सेवा र परामर्श किसानले पाउन नसकेको भङ्गाहा-५ सीतापुरका बासिन्दा कृषि क्षेत्रको सरकारी सेवाबाट निवृत्त रामबहादुर भुजेल भन्छन्। "जिल्लास्थित कृषि ज्ञान केन्द्र प्रदेश सरकार मातहत छन्"–सहसचिवको सेवाबाट निवृत्त भएका उनले भने–"पहिलेका केन्द्र र उपकेन्द्र चै स्थानीय तह मातहत, जिल्लास्थित कृषि ज्ञान केन्द्र र स्थानीय तहका निकायबीच राम्रो समन्वय हुन सकेन।"

सैद्धान्तिकरूपमा यस्तो व्यवस्था भए पनि स्थानीय तहले कृषि शाखा सञ्चालन नगर्दा पहिलेका कृषि केन्द्र र उपकेन्द्रका कृषि प्राविधिक अहिले काममा नदेखिएका जिल्लाको आम समस्या बनेको छ। यहाँका स्थानीय तहले कृषि शाखा सञ्चालन गर्न नसकेको स्वीकार गरेका छन्। "यो बिलकुल विषय दक्षतामा आधारित क्षेत्र रहेछ"–भर्खरै भङ्गाहा नगरपालिकामा दोस्रो कार्यकाल शुरू गरेका नगर प्रमुख सञ्जीवकुमार साहले भने–"किसानले बढीभन्दा बढी सेवा लिन सक्नेगरी कृषि शाखाको सञ्चालन र सेवा प्रवाहको उचित समन्वय गर्न सकिएको छैन, हामी अब यो व्यवस्थापन गर्छौं।"

स्थानीय तहमा रहेका कृषि केन्द्र र उपकेन्द्रमा कार्यरत कृषि प्राविधिक र कर्मचारीले आफूहरू स्थानीय तहको नेतृत्वबाट उपेक्षित भएको गुनासो गरेका छन्। आफूहरूसँग कृषिसम्बन्धी कुनै परामर्श लिने वा योजना बनाउने काममा सहभागिता नखोजिएको कृषि प्राविधिक र कर्मचारीको आम गुनासो छ।

### आठ महीनामा.....

ट्र्याक-बेड निर्माण भएको छ। हाल ट्र्याक-बेडको लम्बाइ ५०.५ किमी पुगेको छ। राष्ट्रिय गौरवको सो आयोजनाको ९४५ किमीको विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।

**जलयातायात सञ्चालनका लागि सम्भाव्यता अध्ययन**

जलयातायात सञ्चालनका लागि सम्भाव्यता अध्ययन भएको छ। हालसम्म कर्णाली नदी (खक्रौला-खिमडी) ११५ किमी, कालीगण्डकी (राम्दी-देवघाट) ९५ किमी, कोशी नदी (चतरा-तुम्लिङटार) ७५ किमी, नारायण नदी (देवघाट-गण्डक) ८५ किमी, त्रिशूली (देवघाट-मुग्लिन) २२ किमी, सुनकोशी नदी (अरुण दोभानदेखि माथि) २२ किमीमा आन्तरिक जलमार्गमा जलयान सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन सम्पन्न भएको छ।

रानीघाट-पोखरिया बस समिति
भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### सगरमाथा.........

आलेले वितरण गरेका थिए। औपचारिक कार्यक्रम अघि पर्यटन व्यवसायी एवं सरोकारवालाहरूको अगुवाइमा ठमेलदेखि कार्यक्रमस्थल कमलादीसम्म प्रभातफेरी आयोजना गरिएको थियो।

सगरमाथा आरोहणको इतिहासमा हालसम्म करीब सात हजार स्वदेशी तथा विदेशी पर्वतारोहीले सर्वोच्च शिखरको साहसिक विजययात्रा पूरा गरिसकेका छन् भने सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँनयाँ कीर्तिमानसमेत थप्दै आएका छन्। पछिल्लोपटक कामीरिता शेर्पाले २६ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाएका छन्। शेर्पाले सन् १९९४ मा पहिलोपटक सगरमाथा आरोहण गरेका थिए। आप्पा शेर्पाले २१ पटक तथा अन्य कीर्तिमानी आरोहीले नयाँ रेकर्ड बनाएका थिए।

पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनियरिङ इन नेपाल, फ्याक्ट्स एन्ड फिगर-२०२०' का अनुसार नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युजील्यान्डका सर एडमन्ड हिलारीले आरोहण शुरू गरेयता हालसम्म ६ हजार ५०७ आरोहीले सगरमाथाको सफल आरोहण गरेका छन्।

हालसम्म सगरमाथा आरोहण गर्ने महिला मात्र ४७१ पुगेका छन्। सन् १९७५ मे १६ तारिखका दिन जापानी आरोही जुनको तावेईले सगरमाथा आरोहण गरेर पहिलो महिला सगरमाथा आरोहीको उपमा पाएकी थिइन्।

सोलुखुम्बुकी पासाङ ल्हामु शेर्पाले विसं २०५० वैशाख १० गते सगरमाथा आरोहण गरी सगरमाथा चढ्ने प्रथम नेपाली महिला आरोहीको कीर्तिमान कायम गरेकी थिइन्। जापानी नागरिक जुन्को तावेई विश्वकै पहिलो महिला सगरमाथा आरोहीको रेकर्ड छ।

# नवनिर्वाचित नगरप्रमुखविरुद्ध वडा अध्यक्षहरू

प्रस, सिम्रौनगढ, १५ जेठ/

सिम्रौनगढ नगरपालिकाको नव निर्वाचित नेपाली काङ्ग्रेस सम्बद्ध ८ जना वडाध्यक्षहरूले नगरप्रमुख किशोरीप्रसाद कलवारविरुद्ध आइतवार पत्रकार सम्मेलन गरेका छन् ।

पत्रकार सम्मेलनमा शपथ ग्रहणको सबै प्रक्रिया पूरा गरे तापनि नगरप्रमुखले शपथ ग्रहण पत्र प्रमाणित गर्न न चाहेको आरोप लगाए ।

नगरप्रमुखले कार्यपालिका बोर्डमा बस्न न दिने षड्यन्त्र अन्तर्गत प्रमाणपत्रमा हस्ताक्षर नगरेको उनीहरूको आरोप छ ।

उचित मागमा मेयर कलवारले ध्यान न दिंदा उच्च अदालत पुगेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । यसका साथै जेठ १३ गते निकालिएको सूचनाबारे आफूहरूलाई केही थाहा नभएको वडाध्यक्षहरूले बताए ।

पत्रकार सम्मेलनमा दिनदयाल मुखिया, अरबिन्द मुखिया, एजुलाह अन्सारी, अवधेश सहनी, शिवमङ्गल कुशवाहा, रामएकबालप्रसाद यादव, राजकुमार यादव, सुरेन्द्रप्रसाद जैसवालको सहभागिता थियो ।


तस्वीर: प्रतीक

## पुरुषको शव फेला

प्रस, पचगावाँ, १५ जेठ/

सखुवापरसौनी गाउँपालिका–१ जङ्गलमा एकजना पुरुषको शव भेटिएको छ ।

वडा नं. ३ कटैया निवासी ५५ वर्षीय जोखु अन्सारीको शव आज बिहान ११ बजे रूखमा झुन्डिएको अवस्थामा भेटिएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले जनाएको छ । प्रहरी निरीक्षक किशोर आचार्यका अनुसार जोखुको मानसिक अवस्था ठीक नरहेको र दीर्घ रोगी हुन् । अनुसन्धानपछि घटनाबारे थप कुरा बाहिरिने उनले जानकारी दिए ।

# अपाङ्ग सङ्घ बाराको अध्यक्षमा वाग्ले

प्रस, जीतपुर, १५ जेठ/

अपाङ्ग सेवा सङ्घ बाराको अध्यक्षमा गङ्गाप्रसाद वाग्ले सर्वसम्मत चयन भएका छन् । सङ्घको सातौं अधिवेशनले वाग्लेलाई सर्वसम्मत अध्यक्ष पदमा चयन गरेको हो ।

त्यसैगरी उपाध्यक्ष ठाकुरप्रसाद ढुङ्गाना, सचिव सुनीलकुमार यादव, सहसचिव कमला चौलागाईं र कोषाध्यक्ष शङ्करप्रसाद दहाल, सदस्यहरू चन्दाकुमारी साह, गोदावरीकुमारी साह, रन्जिता साह, सुधीर चौधरी, प्रयाग महतो, मोहनलाल पुडासैनी, जीतेन्द्रप्रसाद पटेल र रामानन्द साह सर्वसम्मत चयन भएका छन् ।


तस्वीर: प्रतीक

अधिवेशनको उद्घाटन जीतपुर सिमरा उपमहानगरपिालकाका नगरप्रमुख राजन पौडेलले गरेका थिए ।

अध्यक्ष धनप्रसाद बजगाईंको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख भोला अधिकारी, नेपाली काङ्ग्रेसका नगर सभापति छवि शर्मा, वडाध्यक्षहरू हीराबहादुर गुरुङ, भोजबहादुर खत्रीलगायतको सहभागिता थियो ।




# निश्शुल्क चिकित्सा शिविर

प्रस, रक्सौल, १५ जेठ/

शहरी प्राथमिक स्वास्थ्य केन्द्र एवं उद्घाटन जाँच चौकीका प्रबन्धक ज्ञानेन्द्र सिंहले गरेका थिए ।


तस्वीर : प्रतीक

एकीकृत जाँच चौकी, रक्सौलको संयुक्त आयोजनामा शनिवार निश्शुल्क चिकित्सा शिविर आयोजना गरिएको थियो ।

एकीकृत जाँच चौकी परिसरमा आयोजित निश्शुल्क चिकित्सा शिविरको कार्यक्रममा १७७ जनाले स्वास्थ्य लाभ लिएका थिए भने चिकित्सक डा सौरभ कुमार, डा राजेन्द्रप्रसाद सिंहलगायतले चेकजाँच गरेका थिए ।

शिविरमा निश्शुल्क औषधीसमेत वितरण गरिएको थियो ।

# ३८ जना कैदीबन्दी रिहा

प्रस, वीरगंज, १५ जेठ/

गणतन्त्र दिवसको अवसरमा वीरगंज कारागारबाट तीनजना महिलासहित ३८ जना रिहा भएका छन् ।



रिहा हुनेहरूमा पचास प्रतिशत कैद भुक्तान गर्नेमध्ये १० जना (कर्तव्य) ज्यान, दुईजना महिला (कर्तव्य ज्यान), तीनजना (सवारी ज्यान), एकजना (कुटपिट अङ्गभङ्ग), दुईजना (नागरिकता), दुईजना (डाँका), दुईजना (बहुविवाह), एकजना (काठ चोरी) र एकजना (राहदानी) रहेका छन् ।

त्यसैगरी चालीस प्रतिशत कैद भुक्तान गरेका कर्तव्य ज्यान १० जना, कर्तव्य ज्यान महिला एकजना, ज्यान मार्ने एकजना रहेका छन् । कुल ३५ जना पुरुष र तीनजना महिलालाई आज कारागार मुक्त गरिएको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ । कैद मिनाहा भएका व्यक्तिहरूलाई कारागार प्रशासन र सुरक्षा निकायका प्रमुखहरूले टीका–अबीर लगाई अबदेखि सुध्रिएर सामाजिक दायित्व पूरा गर्न आग्रह गरेका थिए ।

### नगरको विकास....

अपारदर्शितालाई पारदर्शी बनाई, करका दरहरू पुनरवलोकनका साथै दरभन्दा दायरा बढाउन तत्परताका साथ कार्य गर्ने नगरप्रमुखले बताएका थिए ।

भेटघाट तथा छलफलको क्रममा अध्यक्ष गोपाल केडिया, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दास, कोषाध्यक्ष गोविन्द शाह, सचिवद्वय अरविन्द अमात्य, आशिष लाठ, सह–कोषाध्यक्ष प्रेमचन्द्र गोयल, सहसचिव सुशान्त चाचानलगायतको सो अवसरमा उपस्थिति थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# वीरगंजकी चेली सपना शर्मा लोकप्रिय बन्दै

प्रस, परवानीपुर, १५ जेठ/

वीरगंजकी चेली सपना शर्मा पछिल्लो केही वर्षदेखि लोकप्रिय बन्दैछिन् । वीरगंज–१३ तेजारथटोलकी १७ वर्षीया सपना शर्मा चार वर्षदेखि नेपाल, भारतमा स्टेज शो कार्यक्रमका कारण चर्चित बन्दै गएकी हुन् ।



कलाकार तथा गीतकार दीपनारायण शर्माकी छोरी सपनाले १३ वर्षको उमेरदेखि साङ्गीतिक कार्यक्रमहरूमा प्रतिभा देखाउन थालेकी थिइन् । चार वर्ष अघि वीरगंज–१४ पिपरामा आयोजित तीज कार्यक्रममा शुरू गरेको यात्रा निरन्तर चलिरहेको छ ।

श्रीपुर उमाविमा कक्षा ११ मा अध्ययनरत सपना हालसम्म बारा, पर्सा, रौतहट, सर्लाही, जनकपुर, हेटौंडा, काठमाडौं, भारतको बिहार तथा युपीमा समेत स्टेज कार्यक्रमको कारण चर्चामा छिन् ।

उनी खासगरी धार्मिक गीत, सङ्गीतमा नृत्य गर्छिन् भने धार्मिक झाँकी कार्यक्रमहरूमा अभिनय प्रस्तुत गर्छिन् । प्रति कार्यक्रम रु १० देखि १५ हजारसम्म पारिश्रमिक लिने गरेको बताउँदै सपनाले वर्षमा ६–७ लाख रुपियाँ कमाउने गरेको बताउँछिन् । उनको कला क्षेत्रमा बढ्दै गएको लोकप्रियतामा आमा सुनीतादेवी, दाइ रोहित शर्मा, मोहित शर्माको सहयोग रहेको उनी बताउँछिन् ।

# ४३ जनाले गरे रक्तदान

प्रस, वीरगंज, १५ जेठ/

पर्सा क्रिस्टियन समाजको आयोजनामा वीरगंज घण्टाघरमा आइतवार रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

रक्तदान कार्यक्रममा ९ महिलासहित ४३ जनाले रक्तदान गरेका थिए । रश्मी केसी, जीतेन्द्रकुमार, मुकेश गिरी, कृष्णा नेपाली, बबिता पासवान, वसन्ती क्षत्री, सविता श्रेष्ठ, कृष्ण थिङलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।



तस्वीर: प्रतीक

# ठक्करमा साइकल सवारको मृत्यु

प्रस, रक्सौल, १५ जेठ/

रक्सौलस्थित नेशनल हाइवे–२८ मा साइकल सवारलाई ट्रकले ठक्कर दिंदा दुर्घटनामा मृत्यु भएको छ ।

मृत्यु हुनेमा रामगढवा बैरिया गाउँ निवासी ३० वर्षीय नुरैन मियाँ रहेको रामगढवा थाना प्रभारी इन्द्रजीत पासवानले बताए ।

शनिवार दिउँसो ११ बजे साइकलमा सवार भई सिलाई पसलमा काम गर्न जाने क्रममा भलुवहिया तिलावे पुल नजीक ट्रकले ठक्कर दिएको र उनको घटनास्थलमैं मृत्यु भएको प्रत्यक्षदर्शीहरूले बताए ।


मृतक नुरैन मियाँका आफन्तजन । तस्वीर: प्रतीक

ठक्कर दिने ट्रक नियन्त्रणमा आउन नसकेको थाना प्रभारी पासवानले बताए ।

## आगलागी हुन नदिन चनाखो बनौं ।

आगलागीबाट बर्सेनि अर्बौंको क्षति हुने गरेको छ । सावधानी अँगाल्न सके जनधनको क्षति रोक्न सकिन्छ । त्यसका लागि:

- खाना पकाइसक्ने बित्तिकै आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाइहालौं ।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुल्होबाट ग्याँस लिक भएको छ/छैन, ध्यान दिने गरौं ।
- ग्याँस वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाइटरजस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं ।
- घरबस्ती नजीकै पोखरी, ट्याङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं ।

विपद्बारे चासो राखौं, चनाखो बनौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड